## परिच्छेद– १

## परिचय

### १ अध्ययनको पृष्ठभुमि

नेपाल बहुविविधतायुक्त दुई विशाल राष्ट्रहको विचमा रहेको राष्ट्र हो । यहाँको धार्मिक विविधता, सांस्कृतिक असमानता ,सामाजिक भिन्नता र भौगोलिक अवस्थाले गर्दा केन्द्रीय तहबाट निर्माण गरिने पाठ्यक्रमले समयमा सम्पूर्ण राष्ट्रलाई प्रतिनिधित्व गर्न सकेको छैन् । संकुचित रुपमा भन्नुपर्दा पाठ्यक्रमलाई विषयबस्तुको रुपमा , संचीत परम्पराको सांगठित ज्ञानको रुपमा चिन्तन गर्ने मनसायको रुपमा, अनुभवको रुपमा , निदेर्शित जीवनको रुपमा ,अतिरिक्त कक्षा क्रियाकलापको रुपमा , विधागत खोजको रुपमा ,उत्पादन गर्ने प्रणालीको रुपमा , शैक्षिक योजनाको रुपमा ,अर्थ्याउन र परिभाषित गर्न सकिन्छ । प्रत्येक राष्ट्रले शिक्षा तथा प्रविधिको क्षेत्रमा भएको द्रुत परिवर्तनसँगै आ-आफ्नो देशको पाठ्यक्रम समयअनुसार परिवर्तन गरी पाठ्यक्रमका विभिन्न तत्वहरुको उद्देश्य पूरा गर्दै राष्ट्रिय उद्देश्य पुरा गरेका हुन्छन् । यसका लागि स्थानिय स्तरमा विद्यार्थीको ज्ञान, सीप, मुल्य, मान्यता र संस्कृतिलाई हस्तान्तरण गर्न र देश विकाशका विभिन्न पक्षमा सबै नागरिकहरुको स्वामित्व र सहभागिता आवश्यक हुने भएकोले शिक्षा क्षेत्रको सन्तुलीत र समुचित विकासका लागि स्थानिय रुचि , आवश्कतालाई सम्बोधन गर्न स्थानिय सरोकारवालाहरुको प्रत्यक्ष सहभागिता आबश्यक हुन्छ । पाठ्यक्रम भनेको मानवजातिको सम्पुर्ण ज्ञान र अनुभवको उच्चतम विन्दु हो । यसमा विद्यालय तथा शिक्षकहरुद्धारा शिक्षाको उद्देश्य प्राप्तिका लागि गरिने योजना र निर्देशन अनुरुपका अनुभवहरु विद्यार्थीहरुले प्राप्त गर्दछन् । शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम नै पाठ्यक्रम भएकोले शिक्षाको गुणस्तर विकास एवं सुधारका विषयहरुसँग पाठ्यक्रमको सम्बन्ध गासिएको हुन्छ । यसले सिकारुलाई कुनै पनि विषयवस्तु सम्बन्धि तथ्यहरु , सीपहरु, मुल्य तथा मान्यता आदिको जानकारी दिने विषयबस्तुको छनौट तथा संगठन र सो सम्बन्धि आवश्यक क्रियाकलापको आधार निर्क्योल गर्ने विधिहरु पाठ्यक्रमले देखाएको हुन्छ ।

नेपालको शिक्षा पद्धति स्थानिय पाठ्यक्रमले विधिवत व्यवस्था प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ मार्फत आएको भन्न सकिन्छ । भन्न मात्रको लागि त वि.सं २०२८ सालमा स्थापना भएको पाठ्यक्रम विकाश केन्द्रले विद्यालय तहको पाठ्यक्रमको निर्माण र परिमार्जन गर्दै आएको थियो । तर यसले विभिन्न स्थानका स्थानीय आवश्यकता, चाहाना, इच्छा र संस्कृतिको प्रतिनिधित्व गर्न सकेको थिएन् । यसले मुर्त रुप भने वि.सं २०४९ मा मात्र पायो । यसपछि मात्र यसले मातृभाषा, स्थानिय विषय ,सिर्जनात्मक तथा अभिव्यक्तिशिल कलाजस्ता पाठ्यक्रमको विषयगत संरचनाको व्यवस्था गरेको थियो । सिर्जनात्मक तथा अभिव्यक्तिशिल कलालाई पूर्ण रुपले विद्यालयले विषेश विर्देशनको परिधिमा रहेर विषयवस्तु चयन तथा शिक्षण सिकाई क्रियाकलाप संरचना गर्न पाउने स्वतन्त्रता प्रधान गरिएको थियो । यसैलाई नै स्थानिय पाठ्यक्रमको सुरुवातको अवस्था भन्न सकिन्छ । शैक्षिक विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानिय आवश्यकतालाई समेट्नका लागि **स्थानिय पाठ्यक्रम निर्माण कार्यन्वयन तथा मूल्याङ्नमा** स्थानिय सरोकारवालाहरुलाई समावेस गराई शिक्षामा आवश्यक सुधार गर्न सकिन्छ ।

वर्तमान युग प्रजातन्त्रको युग हो । यसबेला देशका सबै नागरिकले विकास र अधिकारको प्रत्याभुति गर्न पाउनु पर्छ ।त्यसकारण पाठ्यक्रम सुधार पद्धतिले स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानिय पाठ्यक्रम निर्माण , कार्यन्वयन तथा मूल्याङ्कन पक्षमा जोड दिन्छ । नेपाल विद्यालय शिक्षाका लागि तयार गरिएको "राष्ट्रिय पाठ्यक्रम प्रारुप " ले शैक्षिक क्षेत्रमा देखा पर्ने शैक्षिक मुद्दा र सम्बन्धित चुनौतिलाई सम्बोधन गर्न स्थानिय आवश्यकतामा आधारित शिक्षा लाई विशेष जोड दिएकोले यिनै तथ्यलाई आत्मसात गरी स्थानिय आवश्यकतामा आधारित शिक्षा आजको आवश्कता हो ।

स्थानिय सरोकारबालाहरुको आवश्यकता , चाहाना, र उनीहरुकै सहभागितामा स्थानिय विषयबस्तुलाई समावेश गरि निर्माण , कार्यान्वयन र मूल्याङकन हुने पाठ्यक्रम हो । स्थानिय सरोकारवालनहरुको आवश्कतालाई सम्बोधन गर्न सकियोस् भन्ने उद्देश्यले र बालबालिकाहरुको सिकाई प्रक्रियालाई सिकाई पस्कीदै सिर्जनात्मक र व्यवहारिक ज्ञानलाई बढाउने टेवा पुग्दछ ।

पाठ्यक्रम लोकतान्त्रिक , खुल्ला, समावेशि , सन्तुलित, समाज र राष्ट्रिय आवश्यकता पुरागर्ने र जीवनोपयोगी सीपमा आधारित हुनु पर्ने भएकोले पनि स्थानिय आवश्यकतालाई सम्बोधन गर्न स्थानिय पाठ्यक्रमको प्रावधान प्राथमिक तहदेखि नै क्रमश माथि सम्मै आवश्कभईसकेको तथ्य विभिन्न अध्ययन प्रतिवेदनहरुले औल्याएकोले देशको भौगोलिक ,जातिय ,क्षेत्रीय ,लैङ्गीक ,वर्गीय विभेद र सांस्कृतिक विभेदलाई अन्त्य गर्न समावेशी पाठ्यक्रममा जोड दिन र स्व रोजगारलाई प्रोत्सान गर्नु आजको आवश्यकता हो ।

विकेन्द्रित शैक्षिक व्यबस्थापनमा स्थानिय तहका ज्ञान , सीप, दक्षता, कला, संस्कृति, पेसा, व्यवसाय आदि पक्षहरुलाई सम्बोधन गर्न स्थानिय पाठ्यक्रमले जमर्को गरेको छ । शिक्षालाई स्थानिय आवश्यकता अनुसार बनाउने तथ्य विभिन्न प्रतिवेदनहरुले औल्याएका छन ्। नेपालको अन्तरिम संविधान २०६३ को भाग १७ धारा १३९ मा स्थानिय स्वयत शासन सम्बन्धि व्यवस्था गरिएको छ । यसमा भनिएको छ स्थानिय तह देखि नै जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण बनाई मुलुकको शासन व्यवस्थामा जनताको बढी भन्दा बढि सहभागिता प्रबद्धन गर्न र जनतालाई स्थानिय स्तरमा नै सेवा उपलब्ध गराउन तथा लोकतन्त्रको स्थानिय स्तरदेखि नै संस्थागत विकाश गर्न विकेन्द्रिकरण तथा अधिकारको निक्षेपनका आधारमा स्थानिय स्वायत्त शासन सम्बन्धि निकायको व्यवस्था गरिने छ । यसैगरि स्थानिय स्वयत्त शासन ऐनमा पनि स्थानिय निकायलाई आबश्यक जिम्मेवारी र अधिकार प्रदान गरि स्थानिय निकायलाई संस्थागत गर्न र जवाफदेहि बनाउन खोजेको छ । अधिकार विकेन्द्रिकारणको अवधारणा आए बमोजिम स्थानिय निकायलाई सक्षम बलियो र सहभागितामूलक बनाउन आजको समयको आवाश्यकता देखिन्छ । यसै तथ्यहरुलाई मुर्त बनाउन राष्ट्रिय पाठ्यक्रम प्रारुपले स्थानिय आवश्यकतामा आधारत रहि शिक्षालाई औपचारीक विद्यालय शिक्षामा समाहित गर्न खोजेको छ । स्थानिय व्यबस्थापनमा स्थानिय अनुकूलताका आधारमा पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मूल्याकन गर्ने जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरेको छ ।

### १.१.१ प्राथमिक तहमा पाठ्यक्रममा स्थानिय विषय समाविष्टताको सम्भावना सम्बन्धि प्राप्तिहरु

(क) केन्द्रिय पाठ्यक्रमले स्थानिय आवश्यकता र चाहना समेट्न नसकेको तथ्य उजागर भएको ,

(ख) पुरानै पद्धतिबाट शिक्षण गराउने प्रवृति भएकोले मौलिक ज्ञान, सीप, व्यबहारिक पक्षको मूल्याङ्कन हुन नसकेको

(ग) भौगोलिक,साँस्कृतिक र जातिय विविधतालाई दृष्टिगत गरी स्थानिय कला, संस्कृति र चार्डपर्वको संरक्षण गर्न त्यस्ता खालको विषयबस्तु समावेश गर्नुपर्ने ,

(घ) सीपमुलक र व्यवहारिक शिक्षाले मात्र व्यक्ति र समाजको उन्नति हुने कुरामा एकमत भएको,

(ङ) स्थानिय कला कौशल, व्यवसाय सीप,प्राविधिक सम्पदाहरु आदिको अध्ययन अति आवश्यक देखिएको,

(च) स्वरोजगारीको अवस्था सिर्जना गर्न,

(छ) कृषि शिक्षा, पशुपालन, जस्ता विषय समावेश गर्न आवश्यक देखिएको,

उल्लेखित निष्कर्षको आधारमा स्थानिय ज्ञान, सीप, व्यवसाय कला, संस्कृति भाषा आदिको संरक्षण र संवर्द्धनका लागि प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको अवधारणा आवश्यक र सान्दर्भिक देखिन्छ । "सबैका लागि शिक्षा २००३–२००८ ले पनि १०%देखि १५% स्थानिय पाठ्यक्रमलाई जोड दिएको देखिन्छ । त्यस्तै दस्तावेज प्राथमिक तहको पाठ्यक्रमको संरचनाको आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १–३) तथा २०६५ (कक्षा४–५) ले प्राथमिक तहको स्थानिय विषयको रुपमा १००% तथा सामाजिक अध्ययन , शारिरिक शिक्षा र सिर्जनात्मक कला विषयमा २०% पाठ्यांश स्थानिय स्तरको राख्न सक्ने प्रावधान गरेको छ ।

### १.१.२ अर्न्तराष्ट्रिय परिवेश

राष्ट्रको रामाजिक र आर्थिक विकासका लागि शिक्षा नितिले ठुलो प्रभाव पार्ने गर्दछ । सक्षम र दक्ष जनशक्ति विकासका लागि उपर्युक्त ज्ञान, सीप र दक्षता प्रदान गर्न सक्नु आजको आवश्यकता हो । अनौपचारिक तथा औपचारिक शिक्षाका माध्यमबाट गुणात्मक तथा संख्यात्मक जनशक्ति उत्पादन गर्न सक्नुमा राष्ट्र अग्रसर हुनुपर्छ ।

सरोकारवाला र समुदायको आवश्यकता, समस्याको कथन तथा अध्ययन, सिकारुको सिकाइ आवश्यकता ,पेशा, ज्ञानको प्रयोग, सिकाइको भौगोलिक वातावरण अध्ययन, स्थानिय समुदायमा भएका घट्ना अध्ययनद्धारा सूचना प्राप्ति ,सिकाईमा ज्ञानको सहि प्रयोग ,प्रबोधिकरण, पाठ्यक्रमको अंशहरुको सङक्षेपिकरण र सुधार आदि तरिकाहरु अपनाएर स्थानिय पाठ्यक्रमको निर्माण कार्यन्वयन र मूल्याङ्कन गर्न सकिन्छ ।

राष्ट्रिय र अर्न्तराष्ट्रिय परिवेशको आधारमा स्थानिय पाठ्यक्रम निम्न लिखित सिद्धान्तमा आधिारित हुनुपर्ने देखिन्छ ।

१. पाठ्यक्रम समावेशि हुनुपर्ने,

२. पाठ्यक्रम लोकतान्त्रिक हुनुपर्ने,

३. पाठ्यक्रम सन्तुलित हुनुपर्ने,

४. पाठ्यक्रम आवश्यकता पुरा गर्ने खालको हुनु पर्ने ,

५ पाठ्यक्रम काम लाग्ने,जीवनोपयोगी सिपमा आधारित हुनुपर्ने ,

### १.१.३ अध्ययन स्थलको परिचय

विश्व मानचित्रमा पृथ्वीको उत्तरी गोलार्द्धमा एशिया महादेशका दुई विशाल देश चीन र भारतको बीचमा रहेको भू–परिवेष्ठित रष्ट्र नेपालको मध्यमाञ्चल विकास क्षेत्रको अञ्चल जनकपुर जिल्ला सिन्धुलीको पूर्वी सिमानामा रहेको लदाभिर गा.वी.स. हाल दुधौली नगरपालिका वडा. नं. १ मा अवस्थीत छ ।

भौगालिक हिसावले यो विद्यालय महाभारत पर्वत श्रृखला देखि दक्षिण तावा खोलाको उत्तरी किनारा उदयपुर जिल्ला कटारी बजार भन्दा सात कि.मि. पश्चिम तराई प्रदेशको भित्री मधेश (खोज) मा रहेको छ । राजनैतिक हिसाबले सिन्धुलि जिल्लाको निर्वाचन क्षेत्र. नं. १ र जिल्लाको विकास सदस्य इलाका नं. ३ रहेको छ । यो विद्यालय तथा अध्ययन स्थल श्रोतकेन्द्र लदाभिर अर्न्तरगत पर्दछ जहाँ ३७ वटा सामुदायिक विद्यालयहरु छन् भने ४ वटा संस्थागत विद्यालयहरु छन् । अध्ययन स्थल पर्ने यो सिन्धुलि जिल्लामा वर्तमान २ वटा नगरपालिका र ५० वटा गा.वी.स. रहेका छन् ।

सोधकर्ताको छनौटमा परेको विद्यालय श्री माध्यमिक विद्यालय सुगारे श्रोतकेन्द्र लदाभिर अनर्तगत रहेका ३७ वटा सामुदायिक विद्यालयहरु मध्ये एक विद्यालय हो । समुन्द्रि सतह देखि १८२ मि. उचाई मा रहेको छ । यस विद्यालयको स्थापना वि.सं २०३१ सालमा भएको हो । यस विद्यालयको कोड २०–०३१-०००५ हो ।

स्वर्गीय श्री गणेश बहादुर अधिकारी, स्व.श्री ईन्द्र बहादुर दहाल, स्व. श्री मित्र प्रसाद घिमिरे, स्व.श्री निधि प्रसाद दाहाल ,स्व.श्री दौलत बहादुर कार्की, आदिको संयुक्त प्रयास बाट २०३० साल पौष महिनामा सामुहिक प्रयासबाट स्थापना भएको यस विद्यालयले तत्कालिन श्री ५को सरकारबाट भने २०३१ सालमा स्वीकृत पाएको देखिन्छ ।

शोधकर्ताले प्रा.वि.तहमा स्थानिय पाठ्यक्रम अर्न्तगत तरकारी खेति लागु गरिएको उक्त विद्यालयमा मा.वि. सुगारे छनौट गरेको छ ।

### १.३ समस्याको कथन :

भौगोलिक रुपमा सानो भएता पनि बस्तु स्थिति ,साँस्कृतिक, भाषिक ,जातिय,विविधता रहेको हाम्रो मुलुकको विभिन्न ठाउँमा विभिन्न श्रोतसाधन भएकोले मानिसहरुको आवश्यकता र चाहना पनि फरक-फरक हुन्छन् । त्यसैले केन्द्रमा निर्माण गरेको पाठ्यक्रमका सबै अंश सबै क्षेत्रमा हुबहु लागु गर्न नसकिने हुन्छ । उदाहरणको रुपमा काठमाण्डौं उपत्यकाका विद्यार्थिहरुको लागि धार्मिक, साँस्कृतिक र पुरातात्विक महत्वका स्थलका बारेमा जानकारी र सुचना प्रविधि सम्बन्धि शिक्षा आबश्यक हुन सक्छ भने उदयपुरका लागि पशुपालन विषयमा हुनसक्छ । यसैगरि भाषिक संरक्षणका लागि सप्तरीमा थारु भाषा , जनकपुरमा मैथिली र सिन्धुलीको दुधौली नगरपालिकामा तरकारीको आवश्यकता हुन सक्छ । (डेल,२०६६)

त्यसैले शिक्षाको व्यापक महत्व र यसको प्रभावकारीतालाई विस्तृतिकरण गर्न स्थानीय पाठ्यक्रमको उपादेयता देखिन्छ । सामाजिक,सांस्कृतिक,भौगोलीक, भाषिक तथा व्यवसायिक विविधतालाई सम्वोधन गर्न स्थानीय पाठ्यक्रम केन्द्रिय रुपमा वा स्थानीय तहमा तयार

गरी यसको कार्यान्वयन र मूल्याङकन गर्न सकेमा व्यक्ति समाज देशको सर्वाङगीन विकासमा ठूलो सहयोग पुग्ने ठोकुवा गर्न सकिन्छ ।

राज्यको पुन:संरचना को वहस चलिरहेको वेला शिक्षा क्षेत्रमा संघिय संरचनामा पनि प्रयोग गर्न सकिने रुपमा राष्ट्रिय पाठ्क्रम प्रारुप निर्धारण गरिएको छ । यसले स्थानीय पाठ्यवस्तु र विषयहरुलाई समेत स्थान दिएको छ । जिल्ला तहले माध्यमिक शिक्षा संचालनको जिम्मा लिनेछ भने गा वि स नगरपालिका तहले पूर्व प्राथमिक शिक्षा र आधारभूत शिक्षा संचालन व्यवस्थापन मूल्याङ्कनको जिम्मेवारी लिनु पर्ने हुन्छ । जिल्लाले राष्ट्रिय पाठ्यक्रमको प्रारुप अन्तर्गत रही प्रान्तले सिफारिस गरेको ढाँचामा स्थानीय पाठ्यक्रम निर्माण तथा मूल्याङकनको व्यवस्था मिलाउने छ । जिल्ला अन्तर्गतका शिक्षकहरुको छनौट तथा व्यवस्थापन गा.वि.स. को समन्वय जिल्लाले गर्नेछ । विद्यालय अनुगमन तथा निरिक्षणको जिम्मेवारी स्थानीय तह देखि  सिर्जना गरिनेछ र जवाफदेहिताको  श्रृङखला स्थानिय सरकारबाट क्रमश: प्रान्तिय सरकार र केन्द्रिय सरकार सम्म स्थापना गरिनुपर्छ । (लुइटेल २०६६:३१०) यसबाट भन्न सकिन्छ कि वर्तमान समयमा मुलुक एकात्मक संरचनाको सट्टा  संघात्मक संरचनाको सोचको साथ राज्यको संरचनातर्फ अग्रसर भइरहेको छ । पाठ्यक्रमको परिमार्जनका लागि उठेका सवालहरुलाई हल गर्नका लागि यस अध्ययनले जोड दिन्छ । सामान्यतया पाठ्यक्रम निर्माणका लागि पाठ्यक्रम विकासका निम्न चरणहरु अपनाउन सकिन्छ ।

१. आवश्यकता पहिचान

२. उद्देश्य निर्धारण

   क) विद्यार्थिहरुको उमेर

   ख) बाल मनोविज्ञान

   ग) बालबालिकाको सिकाई स्तर

   घ) कक्षा /तह

   ङ) विषयबस्तुको प्रकृति

   च) श्रोत साधन

३. विषयबस्तुको छनोट र पाठ्यक्रमको खाकाको तयारी

   क) व्यवसायिक क्षेत्र

      १) कृषि

      २) पंन्छि तथा पशुपालन

      ३) उद्योग

४) पर्यटन

५) व्यापार

ख) अन्य क्षेत्र

१) भौगोलिक

२) प्राकृतिक

३) साँस्कृतिक

४) ऐतिहासिक

५) वातावरण

४. कक्षागत सिकाई उपलब्धि विवरण

५. शिक्षण प्रक्रिया

६. विद्यार्थी मूल्याङ्कन

७. समय निर्धारण

(स्थानिय पाठ्यक्रम निर्माण तथा निर्देशिका ,२०६५)

यी वाहेक स्थानिय परिवेशमा अनेकौ विषय क्षेत्र र विषयबस्तु हुन सक्छ । विषय वस्तुको छनौट गर्दा उद्देश्यको निर्धारणमा विशेष ध्यान दिनुपर्छ । स्थानिय पाठ्यक्रमका सम्बन्धमा हालसम्म भए गरेका प्रयासका वावजुद पनि स्थानिय पाठ्यक्रम सहि ढंगबाट कार्यान्वयन भएको छैन । कतिपय विद्यार्थिले यसलाई जिम्मेवारीको रुपमा लिएका छन ,भने कतिले यसलाई बोझको रुपमा लिएका छन् । अझै पनि स्थानिय पाठ्यक्रमका सम्बन्धमा निम्न लिखित समस्या देखा परेका छन् ।

क) विद्यालय वातावरण ,शिक्षको तयारीको अपूर्णता ।

ख) श्रोत साधनको अभाव रहेको ।

ग) आर्थिक अधिकार प्रत्यारोपण नगरिएको ।

घ) स्थानिय पाठ्यक्रमको मर्म अनुरुप शिक्षक व्यवस्थापन गर्न नसकिएको ।

ङ) स्थानिय जनतालाई स्थानिय पाठ्यक्रम सम्वन्धि सचेतनाको विकाश गर्न नसकिएको ।

यसरी पाठ्याक्रम विकाश केन्द्रद्धारा समय समयमा स्थानिय पाठ्यक्रका लागि विभिन्नि निति निर्माण तथा कार्यन्वयन सम्बन्धि पहलहरु भएका छन् । विभिन्न अध्ययनबाट यस

स्थानिय पाठ्क्रम कार्यन्वयन सम्बन्धि भए गरेका प्रयासहरु सराहानीय छ । तसर्थ यसको कार्यन्वयनको अवस्था , मूल्याङ्कन परिकल्पनाहरुको अनुसन्धानलाई यहाँ जोड दिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै उद्देश्य हुन्छ । त्यसैगरि यस अध्ययनको उदेश्य निम्न लिखित अनुसार छन् ।

क) प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको निर्माणको अवस्था पत्ता लगाउनु ,

ख) प्राथमिक तहमा स्थानिय पाठ्यक्रम कार्यान्वयन सम्बन्धि सरोकारवालाहरुको धारणा थाहा पाउनु ,

ग) प्राथमिक तहमा स्थानिय पाठ्यक्रमको मूल्याङ्कनको  कार्यन्वनको अवस्था बुझ्नु ,

## १.५ अनुसन्धानका प्रश्नहरुः

यस अनुसन्धान निम्नप्रश्नहरुको उत्तर खोजी गर्नका लागि प्रयोग गरिको छ ।

क) स्थानिय पाठ्यक्रम कसरी निर्माण गरिन्छ ?

ख) स्थानिय पाठ्यक्रम कार्यन्वयनको प्रक्रिया भनेको के हो ?

ग) स्थानिय पाठ्यक्रम सम्बन्धि विषय वस्तुको छनौट प्रक्रिया कस्तो हुन्छ ?

घ) स्थानिय पाठ्यक्रमलाई कसरी शिक्षण गरिन्छ ?

ङ) स्थानिय पाठ्यक्रम शिक्षणमा शिक्षक विद्यार्थीको सहभागिता कस्तो हुन्छ ?

च) स्थानिय पाठ्यक्रम कार्यान्वयनमा देखा परेका समस्याहरु के-के हुन ?

छ) स्थानिय पाठ्यक्रम कार्यान्वयनमा देखापरेका समस्याहरुको समाधानाका लागि के-के प्रयास भएका छन् ?

ज) स्थानिय पाठ्यक्रमका मूल्याङ्कन विधिहरु के-के हुन ?

## १.६ अध्ययनको औचित्य/ महत्व

जुनसुकै अध्ययनको पनि आफ्नै औचित्य हुन्छ, भने अर्थ पूर्ण समस्या समाधाका लागि नयाँ किसिमको तथ्य प्रतिपादित गर्नका लागि र उपयोगिताका लागि अध्ययन अगाडि बढाइएको हुन्छ । पाठ्यक्रम शिक्षाको आधार स्तम्भको साथै गन्तव्य विन्दु पनि हो । यसले शिक्षकहरुलाई मात्र नभइ सम्पुर्ण शिक्षा क्षेत्रलाई मार्गदर्शन गर्ने भएकोले राष्ट्रियस्तरमा बनाइने पाठ्यक्रमले व्यक्ति ,समाज , राष्ट्र र अन्तराष्ट्रिय मागलाइ पनि समेट्नुपर्ने भएकोले हाम्रो जस्तो भौगोलिक, जातिय,,भाषिक र साँस्कृतिक विविधता भएको मुलुकमा सबै पक्षलाई समेट्ने पाठ्यक्रम निर्माण कार्यन्वयन तथा  मूल्याङकन चुनौतिकारुपमा रहेको छ ।

स्थानिय पेशा, व्यापार, व्यवसाय प्रवर्द्धन गर्न, स्थानिय विषय वस्तु र आवाश्यकताहरुलाई समेटन ,कला, सँस्कृतिको विकास गर्न, स्थानिय श्रोत साधनको अधिकतम पहिचान गर्न र ऐतिहासिक , धार्मिक स्थानिय सम्पदाको संक्षण र प्रचार गर्न स्थानिय सरोकारवालाहरुको सहभागिता र सक्रीयतामा पाठ्यक्रम निर्माण हुन सकेमा स्थानिय आवश्यकता पुरा हुन सक्छ यसरी परिवेश अनुसारको पठन पाठनले सिकारुलाई प्रेरणा दिनुका साथै सिकेका कुराहरु सामान्यिकरण गर्न पनि सहयोग हुन्छ ।

यसरी भौगोलिक दृष्ट्रिले हिमाल,पहाड र तराई प्रदेशको रुपमा फैलिएको , समुदाय पिच्छे विविध धार्मिक मूल्य, मान्यता रहेको ,भाषीक विविधता रहेको, सबै क्षेत्रको समानुपातिक विकास समानुपातिक विकास हुन नसकेको हाम्रो परिवेशमा यस अध्ययन अनुसन्धानको विषय क्षेत्रबाट प्राप्त निष्कर्ष उपयोगिता र महत्वको हिसाबले अर्थपूर्ण रहने छ । यसले गरिवी र बेरोजगारीको समस्या समाधान गर्न पनि सहयोग गर्ने छ । स्थानिय पाठ्यक्रम निर्माण निर्देशिकामा उल्लेखित गरिएका आवाश्यकता सम्बन्धि निम्नलिखित बुँदाहरुले यसको महत्व पुष्टी गर्न सकिन्छ ।

१.विद्यालय क्षेत्र भित्र सरोकारवालाहरुलाई स्थानीय पाठ्यकम प्रति सचेत गराउन ।

२.स्रोत व्यक्तिलाई स्थानीय पाठ्यक्रम निर्माणमा भएका कमजोर पक्षबारे जानकारी प्रदान गर्न ।

३.व्यक्ति ⁄समुह समाजको आवश्यकता बुझी पुरा गर्न ।

४.पाठ्यक्रम निर्माण स्थानिय स्तरबाटै तयार गर्न ।

५. स्थानिय निकायको सक्रियतामा भएको कमिलाई रोक्न ।

६. जनचासो बढाउन ।

७. पाठ्यक्रम निर्माण, कार्यन्वयन तथा मूल्याङ्कन सम्बन्धिको तालिम विकास गर्न ।

८. विद्यालयसुधार योजना निर्माण र कार्यन्वयन गर्न ।

९. कार्य सम्पादनमा आधारित व्यवस्थापन पद्धतिको सुरुवातलाई सार्थक बनाउन ।

१०.केन्द्रिय अधिकार ,नियन्त्रण कटौती गर्न ।

११. गा.वि.स.⁄नगरपालिका र जि.वि.स.को शिक्षा सम्बन्धि काम, कर्तव्य र अधिकार

व्यबस्थापन गर्न ।

१२. सबै क्षेत्रको समानुपातिक विकाश गर्न ।

१३. स्थानिय सँस्कृति कलाको उत्थान विकासका साथै स्थानिय श्रोत साधनको अत्याधिक परिचालन गर्न ।

१४. स्थानिय विषयवस्तु र आवश्यकता समेट्न ।

### १.७ शव्दावलिको परिभाषा

**स्थानिय पाठ्यक्रम** : स्थानिय कुनै ठाउँ क्षेत्रको अवस्थालाई पहिचान गरी वस्तु स्थिति सम्बन्धि भाषा, पहिचान लाई स्थानिय स्तरमा स्थानिय सरोकारवालाहरुको सहभागितामा स्थानिय आवश्यकता अनुसार स्थानिय विषयबस्तु समावेश गरि निर्माण गरिने पाठयक्रम

**कार्यान्वयन** : स्थानिय पाठ्क्रम कार्यन्वयनको अवस्था कुनै निति नियम र निर्माणका कुराहरुलाई व्यवस्थीत रुपमा लागु गर्ने कार्यलाई कार्यन्वयन भनिन्छ । यस अध्ययनको सन्दर्भमा स्थानिय पाठ्यक्रममा समेटियको विषयबस्तु विभिन्न विधि र सामग्री प्रयोग गरी शिक्षण गर्ने कार्यलाई कार्यन्वयनको अवस्थाको रुपमा लिइएको छ ।

**अवलोकन तथा मुल्याङकन** : कुनै पनि अनुसन्धानकर्ता विद्यालय वा कक्षामा गई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा गहिरीएर अध्ययन गर्ने र विभिन्न मूल्याङ्कनमा टुल्स बनाउने प्रयोग गर्ने क्रिया लाई जनाउछ ।

### १.८ अध्ययनको परिसीमा

यो अध्ययन जनकपुर अञ्चल, सिन्धुली जिल्ला लदाभिर गा.वि.स. हाल दुधौली नगरपालिका वडा. नं.१ अवस्थीत लदाभिर श्रोतकेन्द्रभित्र पर्ने विद्यालय कोड २०–०३१–०००५ भएको प्राथमिक तह मात्र सीमीत गरिएको छ । यो अध्ययन छनौटमा परेको मा.वी. सुघारेको प्राथमिक तह कक्षा १ -५ को स्थानिय विषयको पाठ्यक्रम स्थानिय तहबाट छनौट हुने विषयहरु मध्ये स्थानिय कृषि व्यवसय अन्तर्गत “तरकारी खेति ” सम्बन्धित रहेर पुरा गरिएको छ ।

## परिच्छेद– २

## सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनरावलोकन :

अध्ययन गर्न खोजीएको विषयस्तुको मिल्दो जुल्दो पुनरावलोकन तथा यस अध्ययन अनुसन्धान गर्नभन्दा पहिले भए गरेको खोजहरु नदोहोरियोस भन्कका खातिर अनुसन्धानको छोटो जानकारी नै सम्बन्धित साहित्यको अनुसन्धान भन्न सकिन्छ । यसले अध्ययनलाई वैज्ञानिक ,नयाँ ,प्रभावकारी र व्यवहारिक बनाउन सहयोग गर्छ । शोधपत्रको अध्ययन विश्वमा स्थापित सिद्धान्त र सम्बन्धित साहित्यको पुनरावलोकनलाई आधार मानेर गरिदा र अनुसन्धानको क्रममा केहि साहित्य लगाएत जर्नलसँग सम्बन्धित पत्र -पत्रिका , विभिन्न विद्धानहरुको प्रकाशित कृतिको सहयोग लिई अध्ययन गरिएको छ ।

### २.१ सैद्धान्तिक धारणा :

John F kerr (1968) का अनुसार पाठ्यक्रम सिद्धान्त शुद्ध वैज्ञानिक सिद्धान्त जस्तो हुदैन तर पनि प्रयोगात्मक भावनाको आधारमा पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । परिकल्पनाकरुको संयोजनबाट पाठ्यक्रम सिद्धान्त विकास गर्न सकिन्छ । उनको अनुसार पाठ्यक्रम सिद्धान्तको विकास दुई प्रक्रियाहरु आगमन विधी र निगमन विधिद्धारा हुने बताउनु भएको छ । पाठ्यक्रम सिद्धान्तको नमुना पाठ्यक्रम विकासको सन्दर्भमा kerr ले प्रस्तुत गरेका ४ वटा चरणहरु क्रमशः ज्ञान, सिकाई, अनुभव र मुल्याङ्कन नै पाठ्यक्रम निर्माणको प्रक्रियाहरु हो ।

उद्देश्यहरु कार्यमुलक हुन्छन् । यिनिहरु शैक्षिक उद्देश्य भन्दा बढि सकारात्मक हुन्छन । सिकाइहरु निश्चित उदेश्य प्राप्त गर्नका लागि हुन्छन् । भने सिकाई व्यवहारमा पनि लागु हुनु पर्दछ । पाठ्यक्रमको मुल तत्व अर्न्तगत । उद्देश्य प्राप्त गर्न पाठ्यक्रमका विषय वस्तुलाई छनौट र संगठन गर्नुपर्ने कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ । विषय वस्तु छनौट गर्दा सिकारुको क्षमता , सिकाइ वातावरण , सिकाइको प्रकृया, विषयबस्तुको प्रकृति , सिकाइमा ठोस , अर्ध ठोस शिक्षण सामाग्रीको प्रयोग आदीलाई ध्यानमा राखेर निर्धारित उद्देश्य प्राप्त गर्न सकिने खालका विषयबस्तुको छनोट र संगठन प्रभावकारी ढंगबाट गरिनु पर्छ । उद्देश्य पुरा गर्न संगठित गरिएका विषयबस्नुको माध्यमबाट के कस्ता सिकाई अनुभवहरु प्रदान गर्ने भन्ने प्रश्न नै सिकारुलाई प्रदान गरिने सिकाइ अनुभव छनौट गर्ने आधारमा हुन्छ । Kerr ले सिकारुलाई प्रदान गरिने सिकाई अनुभवहरुलाई सिकारु र उसको वातावरणका तत्वहरु विचको अन्तक्रियाको रुपमा अर्थाएको छ । पाठ्यक्रम निर्माण भई सकेपछि त्यसको कार्यन्वयन र मूल्याङकन पनि महत्वपुर्ण तत्व हुन आउछ । पाठ्यक्रमको वारेमा निर्णय लिनका लागि प्रयोग गर्ने सूचना एवम् जानकारीको संकलन गरिन्छ । कुनै पनि पाठ्यक्रमको उपयुक्तता एवम् कमजोरी आदिको निरन्तर मुल्याङ्कन गरिनु पर्छ । (कट्टेल:२०६४)

पाठ्यक्रमको निर्णय एवम् निर्माण विकास भइसकेपछि नव निर्मित पाठ्यक्रमका मर्महरु के-के छन् ? के कस्ता विधिहरु शिक्षण प्रक्रियाहरु भएका छन् ?, त्यसको पाठ्यसामाग्रीहरु के के हो ? त्यसको प्रयोग कसरी गर्ने वारे विस्तृत रुपमा जानकारी सम्बन्धित पक्षहरु विशेषत शिक्षकहरु, प्र.अ. हरु, सुपरिवेक्षकहरुलाई गराउनुको साथै व्यापक छलफल ,सभा, सेमिनार गरि पाठ्यक्रम व्यापीकरण गराउनु पर्छ ।पाठ्यक्रम प्रयोग एउटा प्रक्रिया हो । जसमा विद्यमान पाठ्यक्रम एवम् परिवर्तनकारी वा

दुतहरुद्धारा प्रस्तावित पाठ्यक्रम विचका भिन्नताहरु समावेश हुन्छन् । पाठ्यक्रम कार्यन्वयन योजनामा वृद्धि , संचार , सहयोग , समर्थन आदि चरणहरुलाई ध्यान दिनु पर्दछ ।

### २.१ सम्बन्धित अध्ययनको समिक्षा :

शिक्षा मन्त्रालयबाट प्रकाशित नेपालमा शिक्षा योजना अवधारणा तथा प्रयोग पुस्तिका २०६४ मा राष्ट्रिय स्तरमा तयार गरिएको योजनाले स्थानीय स्तरमा सबै आवश्यकता परिपुर्ति गर्न सक्दैन भन्ने कुरा उल्लेख गरिएको छ । उक्त पुस्तिकामा अझै प्रष्ट सँग लेखिएको छ कि सन् १९७० सम्म राष्ट्रिय स्तरमा तयार गरिएको योजनाले स्थानिय आवश्यकता पुरा गर्न नसक्ने महसुस गरि स्थानिय तहमा योजना तर्जुमा गरि निर्माणका अवधारणा कार्यान्वयन गर्न थालिएको हो । विशेषत : विकासोन्मुख मुलुकहरुमा स्थानिय योजनाको अधिक महत्व रहने गर्दछ । सन १९८०, १९९० देखि स्थानिय तहमा नै तर्जुमा गरि योजनामा स्थानिय समुदाय तथा नागरिक समाजको संलग्नता अनिवार्य महशुस गरिएको थियो । यस प्रकारको योजनाले स्थानिय जनताको आवश्यकतालाई सम्बोधन गर्ने भएकोले स्थानिय सीप, क्षमता , श्रोतहरुको सदुपयोग हुन सक्छ । यसर्थ भन्न सकिन्छ कि स्थानिय तहमै तयार परि लागु गरिने पाठ्यक्रमले समाजको आवश्यक पुरा गर्न सक्छ ।

विद्यालय तहका निम्ति आवश्यक स्थानिय शैक्षिक सामाग्रीको निर्माण गर्ने कार्यको थालनि भएको तर बालवालिहरुको सिकाइमा आवश्यक पर्ने प्रविधी शैक्षिक सामाग्रीको उपलब्धता, उपयोग गर्ने विधि सामाग्रि निर्माणमा आइपर्ने समस्या र तिनलाई समाधान गर्ने उपाय तथा खोजी गर्ने कार्य नभएको अध्ययनबाट देखाएको छ । (CERID,2059) यसबाट भन्न सकिन्छ कि प्राथमिक तहका विद्यालयका शिक्षकहरुमा स्थानिय श्रोतबाट उपलब्ध काच्चा पदार्थबाट विषय बस्तुका आधारमा चाहिएको सामाग्री आफैले छानि तिनिहरुलाई शैक्षिकसामाग्रीको रुपमा प्रयोग गर्न अझै सकिएको छैन् ।

### २.३ नितिगत समिक्षा

राष्ट्रिय शिक्षा पद्धति २०२८ कार्यन्वयनबाट विद्यालयमा विद्यार्थिहरुलाई घोकाउने प्रवृति ,विद्यार्थी केन्द्रित शिक्षण सिकाई क्रियाकलाप गराउने वा विद्यालय तहमा आ-आफ्नै तरिकाबाट पाठ्यक्रम कार्यन्वयन गर्ने परिपाटि थलानि भएको छ । त्यसैगरि नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक हक अन्तर्गतको धारा १८ को उपनियम २ प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने गरि विद्यालय संचालन गर्न पाउने उल्लेख गरिएको छ ।

रा.शि.आ.२०४९ को प्रतिवेदन अनुसार प्राथमिक तहको शिक्षालाई वालकेन्द्रित,व्यवहारिक ,गुणस्तरिय र जीवनोपयोगी बनाउने शिक्षण सिकाई प्रक्रियामा शैक्षिक सामाग्रीको प्रयोगलाई विषेश ध्यान दिइएको छ । त्यसैगरि उच्च रा.शि.आ. २०५५ को प्रतिवेदनमा सरकारले प्राथमिक शिक्षालाई गुणस्तरीय ,व्यहारिक र सर्बसुलभ बनाउनमा जोड दिएको छ । यसकारण पाठ्यक्रम बालकेन्द्रित भएको बेला मात्र शिक्षा व्यवहारिक र गुणस्तरिय हुनसक्छ भनेर व्याख्या गर्न सकिन्छ । यसकारण पनि भन्न सकिन्छ कि यसलाई सम्बोधन गर्न स्थानिय पाठ्यक्रमको निर्माण, कार्यान्वयन र मुल्याङ्कन गर्न आवश्यक देखिन्छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ ले स्थानिय तहमा अधिकार ,अख्तियार र जवाफदेही बनाउने प्रयास विकेन्द्रकरण हुने कुरा बताएको छ । यसैगरी स्थानिय विषयका पाठ्यक्रम २०६२ को अनुसार स्थानिय विषयहरु समावेश गरी निर्माण ,कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानिय

पाठ्यक्रम हो भनेर प्रष्ट रुपमा स्थानिय पाठ्यक्रमको विकासमा जोड दिएको छ । त्यसकारण स्थानिय आवश्यकतालाई सम्बोधन गरिएको पाठ्यक्रम नै स्थानिय पाठ्यक्रम हो ।

शिक्षा विभागद्धारा प्रकाशित "समविकास शिक्षा २०६५ " पुस्तिकाले स्थनिय पाठ्यक्रमको अवधारणा विकेन्द्रित कार्यक्रम हो भनेको छ । यसबाट दिगो प्रतिफल आउने विश्वास गरिएको छ । यसमा अपनत्व , समावेशि र आवश्यकताको आधारमा स्थानिय श्रोत, साधन परिचालित हुन्छ भनेको छ । यस कारण भन्न सकिन्छ कि राष्ट्रका सर्वागिङ्गीण विकासका लागि स्थानिय क्षेत्रबाट नै शुरुवात गर्न छ जरुरी छ । हरेक व्यक्तिलाई समावेश गरि शिक्षा मा अपनत्व कायम गर्न स्थानिय पाठ्यक्रमले महत्वपूर्ण भुमिका खेल्न सक्छ ।

प्रा. शि. पा. २०६६ ले सामाजिक अध्ययन विषयमा प्रयोगात्मक शिक्षण प्रणालीलाई महत्व दिदै विद्यार्थी आफैबाट समस्याको खोज र समाधानका उपायहरु पहिल्याइ आफ्नो सीप, दक्षता , रुची , चाहाना , विचार तथा खुसीका आधारमा व्यक्ति, परिवार र समाजप्रति आकर्षित हुनु र असल नागरिक बन्न सकुन भन्ने उद्देश्यले निती तथा प्रक्रियाहरु प्रस्तुत गरेकोछ । निम्न लिखित अध्ययनले पनि स्थानिय पाठ्यक्रमलाई नै जोड दिएको छ ।

क) प्राथमिक पाठ्यक्रम २०४९

ख) प्राथमिक पाठ्यक्रम परिमार्जित २०६२

ग) स्थानिय पाठ्यक्रम निर्माण निर्देशिका २०६२

घ) स्थानिय पाठ्यक्रम तथा परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६९

(क) प्राथमिक पाठ्यक्रम २०४०:– प्राथमिक पाठ्यक्रम २०४९ ले मातृभाषा स्थानिय विषय, सिर्जनात्मक तथा अभिव्यक्तिसिल कला जस्ता पाठ्क्रमको विषयगत संरचनाको व्यवस्था गरेको थियो । सिर्जनात्मक तथा अभिव्यक्तिशील कलालाई पूर्णरुपमा विद्यालयले विशिष्ट निर्देशिकाको परिधिभित्र रहेर विषयबस्तु चयन तथा शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न पाउने स्वन्त्रता प्रदान गरेको थियो । यो कार्य मुलतः शैक्षिक पहुचमा सुधार गर्ने मातृभाषिक शिक्षा पाठ्यक्रमको रुपमा व्याख्या गर्न थालियो ।

(ख) परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६० :– यसले स्थानिय पाठ्यक्रमको सोचलाई अगाडी बढाएको छ । यसका लागि विभिन्न गोष्ठी , कार्यशाला , प्रतिवेदन , आयोजना तथा परियोजनाहरुले दिएको विभिन्न सुझावहरुलाई अध्ययनगरि केहि विषयमा आंशिक र सम्भाव्य क्षेत्रमा भिन्नै विषयका रुपमा अध्ययन अध्यापन गर्न सकिने कुरा उल्लेख गरेको छ । स्थानिय आवश्यकता स्थानिय ,स्थानिय विषय क्षेत्र ,विषयबस्तु ,शैक्षिक व्यवस्था , सामाग्री, निर्माण गरी स्थानिय परिवेशमा शिक्षा दिने र शैक्षिक विकेन्द्रिकरणको निति अनुसार स्थानिय निकाय लाई नै पाठ्यक्रम निर्माण गर्न दिने सिद्धान्तलाई सम्बोधन गरेको छ ।

(ग) प्राथमिक पाठ्यक्रम परिमार्जित २०६२ :– प्राथमिक पाठ्यक्रम २०४९परिमार्जित भईसके पछि नेपालमा प्राथमिक पाठ्यक्रम २०६२ कार्यान्वयन मा आयो । यसमा स्थानिय पाठ्यक्रमको सम्बन्धमा निम्न लिखित व्यवस्था गरेको छ ।

१) सामाजिका अध्ययन अभिव्यक्तशील कला र शारिरिक शिक्षा विषयमा २०% अंश विद्यालय आफैले स्थानिय पाठ्यक्रम विकास तथा कार्यन्वयन गर्न पाउने ।

२) उपयुक्त अनुसारको व्यवस्था अतिरिक्त १०० पूर्णाङ्कको एक विषय स्थानिय वा मातृभाष सम्बन्धिको पाठ्यक्रम विकास तथा कार्यन्वयन गर्न पाउने ।

(घ) स्थानिय पाठ्यक्रम निर्माण निर्देशिका २०६२

यो प्राथमिक शिक्षा पाठ्यक्रम (परिमार्जित२०६२) को स्थानिय आवश्यकता ,राष्ट्रिय एवम् अर्न्तराष्ट्रिय जगतमा आएको प्रभावलाई दृष्ट्रिगत गरि स्थानिय पाठ्यक्रमको सोचमा अझ वढि जोड दिएको छ ।

स्थानिय पाठ्यक्रमको सैद्धान्तिक अवधारणालाई केलाउदा यसले स्थानिय आवश्यकता , स्थानिय विषय क्षेत्र ,विषयबस्तु ,शैक्षणीक व्यवस्था ,सामाग्री निर्माण गरी स्थानिय परिवेशको शिक्षा दिने कुरालाई स्वीकारेको छ । त्यसैकारण स्थानिय तहमा पाठ्यक्रम निर्माणको लागि सक्षम बनाउन आवश्यक सहयोग पुगोस भन्ने हेतुले यो शोध गरिएको छ ।

(ङ) स्थानिय पाठ्यक्रम कार्यन्वयन सम्बन्धि वर्तमान अवस्था:– मुलुकमा विद्यालय शिक्षालाई व्यावहारिक बनाउन, स्थानिय आवश्कताका कुरा समेट्न र युवावर्गमा मौलिकता विकाश गर्न ,विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुपले स्थानिय पाठ्यक्रमको अवधारणा समेटेको छ । परमार्जित प्रा.शि.पा. २०६२ (कक्षा १–३) र २०६५ कक्षा (४-५) ले स्थानिय पाठ्यक्रमका बारेमा निम्न व्यवस्था गरेको छ ।

| क.सं. | विषय | केन्द्रले तोकेको | स्थानिय तहबाट विषयबस्तुको अंश |
|---|---|---|---|
| १ | स्थानिय विषय स्थानियतहबाटै छनोट हुने एक विषय | | १००% |
| २ | सामाजिक अध्ययन | ८०% | २०% |
| ३ | शरिरीक शिक्षा | ८०% | २०% |
| ४ | शि.अ.क. | ८०% | २०% |


*श्रोत:: स्था, स्था.पा. नि. र का.स.सा.२०६५*

यसरी उल्लेखित सम्बन्धित विभिन्न लेख, रचना, शोधसार अध्ययनबाट स्थानिय पाठ्यक्रम निर्माण , कार्यन्वयनमा र मूल्याङ्कन सम्बन्धि निति नियमहरु बनेको पाइयो । स्थानिय पाठ्यक्रम के हो ? यो कसरी निर्माण गरिन्छ ? यसको औचित्य के छ ? कसले यसको निर्माण गर्ने भन्ने कुराहरु प्राप्त भएपनि हाल सम्म लेखिएको विभिन्न साहित्यले "स्थानिय पाठ्यक्रम निर्माण ,कार्यन्वयन तथा मुल्याङकनको अवस्था" बारे प्रभावकारी जनकारी दिन नसकेको पाइएकोले स्थानिय विषयको १०० पूर्णाङ्कको ''तरकारी खेति'' सम्बन्धीको पाठ्यक्रम निर्माण कार्यन्वयन तथा मूल्यााङ्कनको पक्षलाई समेट्ने प्रयास भए अनुरुप यस सोधले जोड दिएको छ

## २.४ सैद्धान्तिक समिक्षा

William B. Ragan का अनुसार पाठ्यक्रम ढाँचाले शिक्षकको प्रभावकारीता अभिवृद्धिकरण गर्नुपर्दछ । यसले विद्यार्थीलाई उसको जीवन निर्देशन गर्नुपर्छ । मौलिक सीपहरु विकाश गर्नुपर्छ । Tylet का अनुसार पाठ्यक्रम संगठनमा विषयवस्तुलाई उच्च प्राथमिकता दिनु पर्छ । W. G. Brink का अनुसारः पाठ्यक्रम संगठनमा वालक र समाजको इच्छा आकांक्षा र आवश्यकतालाई उच्च स्थान हुनुपर्ने औंल्याएको छ । Long Beach का अनुसारः पाठ्यक्रममा वहुआयामिक सिकाई क्रियाकलापको शुनिश्चितता हुनुपर्छ भनेर भनेको छ ।

**पाठ्यक्रम ढाँचाका तत्वहरुः**




पाठ्यक्रम विकाश अध्ययनको सैद्धान्तिक ढाँचा

पाठ्यक्रम विकास प्रक्रिया

१. तार्किक नमुनाहरु (राफ टायलरको तार्किक नमुना , हिल्डा टावाको तार्किक नमुना)

२. चक्रिय नमुना -हिवलर नमुना, र

एंड्रिक निकोल्स र हवाई निकोल्सको नमुना)

३. गतिशिल नमुनाहरु (हेलर वाकरको नमुना, मालकम स्किवेकको नमुना)

पाठ्यक्रम विकाशको आधारहरु


१. उच्च वास्तविकता

२. कम वास्तविकता

१. तरकारी खेति (१-५) को कार्यान्वयन

### २.५ आवधारणात्मक ढाँचाः

स्थानिय पाठ्यक्रमका लागि आवश्यकता पहीचान गरिसकेपछि विषयहरुको छनोट गरिन्छ । यसरि विषय छनोट गरिसकेपछि कुनै खास विद्यालयमा मात्र उपयोगि हुने विषयको पाठ्यक्रम निर्माण गर्नुपरेमा विद्यालयका सरोकारवालाहरु सम्बन्धित शिक्षक , विद्यार्थी , प्र.अ. अभिभावक,विद्यालय व्यवस्थापन समिति , पाठ्यक्रम निर्माता आदी समेतको संलग्नता , पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्न सकेमा गुणस्तरिय तथा प्रभावकारी सिकाई हुन सक्छ ।




यसैले मैले स्थानीय पाठ्क्रममा समावेश १०० % प्रतिशत स्थानीय विषय ,२० % सामाजिक अध्ययन , २० % शारिरीक शिक्षा र २०% सि.अ.क. को पाठ्यक्रम निर्माण ,कार्यान्वयन तथा मूल्याङ्कनको अवस्था को बारेमा सोध गरे  तर पनि मूल रुपमा वि.व्य.स. को सहमति अनुसार स्थानीय पाठ्यक्रममा तरकारी खेतीनै राख्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

### २.६ पाठयक्रम मूल्याङकनको अवधारणा र प्रकृति

**Arieth Lewys (1977)**का अनुसार शैक्षिक कार्यक्रममा समावेश हुने शैक्षिक समाग्रीको निर्माण एवम् प्रयोगमा समय के कसरी महत्वपूर्ण हुन्छ , शैक्षिक प्रक्रियामा विद्यार्थीका सिकाई उपलब्धिहरुको लेखा जोखा गर्नु, पाठ्यक्रम स्वयमको मुल्य निर्धारण गर्नु , व्यवस्थापकिय र प्रशासकिय पक्षको मुल्याङकन गर्नु प्रकृति हुन सक्छ भने पाठ्यक्रम मूल्याङ्कनको उद्देश्य निम्न लिखित हुनसक्छ ।

क) औपचारीक सूचना प्रदान गर्नु ।

ख) शिक्षक तथा शिक्षण विधिको प्रभावकारीता निर्धारण गर्नु , विद्यार्थीलाई पृष्ठपोषण गर्नु ,

ग) उपलब्धिको तुलना गर्नु ,

घ) सिमीततताहरुलाई सूचित गर्नु,

ङ) विद्यार्थीहरुलाई पथ प्रदर्शन र परामर्श प्रदान गर्नु

च) पाठ्यक्रमको प्रभावकारिता निर्धारण गर्नुपर्छ ।

छ ) प्रशासकिय प्रभावकारिताको निर्धारर्ण गर्नु आदी ।

# परिच्छेद –३

## अध्ययनको विधि

कार्यान्वयन पक्ष तरिका , विधि भएकोले कुनै अध्ययन अनुसन्धान वा कार्यकात्मक कार्य स्वरुप नै विधि हो । त्यसकाण अध्ययन अनुसन्धानको कार्य पुरा गर्न , अध्ययनको उद्देश्य पुरागर्न अध्ययन विधिको छनोट आवश्यक हुन्छ । गुणात्मक विधिमा देखेका ,भोगेका, अनुभव गरेका र प्रकाशमा आएका तथ्यहरुलाई सापेक्षतामा जाँच गरी सत्य तथ्य खोज गरी व्याख्या विश्लेषण गरिएको थियो ।

यस अध्ययन अनुसन्धालाई गुणात्मक तथा परिमाणात्मक विधि प्रयोग गर्ने प्रस्तावना गरिएको भएपनि स्थानिय पाठ्क्रम विकासको अवस्था अध्ययन गर्ने सिलसिलामा प्रयाप्त परिमाणात्मक तथ्याङक प्राप्त नहुने भएकोले यो अनुसन्धान आफैमा एउटा सामाजिक अनुसन्धान भएकोले विश्लेषणान्मक र व्याख्या विधि लाई जोड दिइएको छ ।

### ३.१ अनुसन्धान ढाँचाः

यस अध्ययनलाई उद्देश्य मुलक बनाउनका लागि गुणात्मक अध्ययन विधिलाई मुख्य आधार मानिएको हो । अध्ययनकोक्रममा अनुसन्धान कर्ता अध्ययन क्षेत्रमा पुगी तथ्याङ्क संकलन गरेको हो । यसै क्रममा स्थानिय विषयको पाठ्यक्रम कार्यन्वयनलाई प्रभाव पार्ने काररक तत्वहरु जस्तैः विद्यालयको भौतिक अवस्था, समुदायको वातावरण, विषय शिक्षकको दक्षता, शैक्षिक सामाग्रीको उपयुक्तता, विद्यार्थीको क्रियाकलाप, विद्यार्थी मुल्याङकन आदि बारेमा तथ्याङ्क समेट्ने प्रयास गरिएको छ ।

यो अनुसन्धान एवम् अध्ययन जनकपुर अञ्चलको सिन्धुलि जिल्लाको दुधौलि नगरपालिकाको वडा.नं. १ यानि लदाभिर –२ अवस्थीत माध्यमिक विद्यालय सुगारेमा गरिएको हो । उक्त विद्यालयका सरोकारवालहरुलाई अध्ययनको घेराभित्र ल्याई , उद्देश्य बनाई विद्यालयबाट आवश्यक पर्ने सहयोगका लागि प्र.अ. श्री दुर्गा प्रसाद भट्टराई लगायत अन्य शिक्षक लोक विक्रम कार्की ,विश्वनाथ दहाल, भोजराज थापा आदी का साथै वि. व्य.स.,आवश्यक स्थानिय बुद्धीजिवी तथा समाजसेवी सँगको भेटवार्ता र कुराकानिबाट अनुसन्धान ढाँचा अगाडी बढाइएको छ ।

वि.व्य.स. र प्र.अ. ले अध्ययनका लागि स्वीकृति दिइसके पछि प्रश्नावली तयार गर्ने , मिति र समय निश्चित गरि स्थलगत सर्वेक्षणबाट तथ्याङ्क संकलन गरिएको छ । स्थानिय पाठ्यक्रमको निर्माण , कार्यन्वयन तथा मुल्याङकन विषयको अध्ययन गर्ने क्रममा सहभागिता , सक्रियता समेतको तथ्याङ्क संकलन गरिएिको छ ।

### ३.२ नमुना छनोटः

यस अध्ययनमा विद्यालयछनोट गर्न उद्देश्य मुलक नमुना छनोट गरिएको छ , जसमा लदाभिर श्रोतकेन्द्रको नि.मा.वि.सिमराहि र मा.वि सुगारे राखिएको छ भने यस विद्यालयका प्र.अ. श्री दुर्गा प्रसाद भट्टराई र श्री भोजराज थापा लाई पनि छनोट विधिमा राखिएको छ । यसैगरि श्रोत व्यक्ति श्री निल बहादुर श्रेष्ठ , वि.व्य.स. अध्ययन श्री कुमार वस्नेत र श्री पुस्कर खड्का ज्यूहरुलाई छनौटमा राखेका छ । साथै शिक्षक अभिभावक संघबाट सुवास चन्द्र कार्की र केदार दहाललाई उदेश्यमूलक छनोट विधि प्रयोग गरियो ।

**३.२.१ विद्यालय छनोट :**

सिन्धुलि जिल्लाको लदाभिर श्रोतकेन्द्र अर्न्तगत श्रोत व्यक्ति श्री निल बहादुर श्रेष्ठ रहनुभएको छ भने दुधौली वडा. नं-१ को नि.मा.वि. सिमराहि र लदाभिर वडा.नं-२ को श्री मा.वि. सुगारे छनोट गरिएको छ ।

**३.२.२ प्रधानाध्यापक र शिक्षक छनोट :**

यस अध्ययनका लागि ति दुई विद्यालयका प.अ.हरु क्रमशः दुर्गा प्रसाद भट्टराई र श्री भोजराग थापा सरहरुलाई छनोट गरिएिको छ भने स्थानिय विषय अध्ययन गराउने शिक्षकहरु श्री लोक विक्रम कार्की , श्री विश्वनाथ दहाल , श्री पेशल कुमारी, चन्द्र कला थापा , कंचन शाह र ओम कार्की ज्यू हरुलाई छनोट गरिएको छ ।

**३.२.३ विद्यार्थी छनोट :**

यस अध्ययनलाई सार्थक पार्न नि.मा.वि. सीमराहिका कक्षा १ -५ र मा.वि. सुगारेका कक्षा १-५का विद्यार्थीहरुलाई छनोट गरिएको छ । कक्षा १ -५ का विद्यार्थिहरुका जम्मा १९४ जना विद्यार्थीहरु माफ यो सोध गरिएको छ ।

**३.२.४ विद्यालय व्यवस्थापन समिनिको अध्यक्ष र श्रोत व्यक्ति छनोट :**

यो दुई वटै विद्यालय श्री उ.मा.वि. लदाभिर श्रोत केन्द्रमा परेको हुनाले यस श्रोतकेन्द्रका श्रोत व्यक्ति श्री निल बहादुर श्रेष्ठ लाई छनोट गरिएको छ , भने विद्यालय व्यवस्थापन समितिको अध्यक्ष श्री कुमार बस्नेत र श्री पुस्कर खड्कालाई छनोट गरिएको छ ।

**३.२.५ अभिभावक छनोट :**

मा.वि. सुगारेका अभिभावक संघका अध्यक्ष अभिभावक श्री बद्री दहाललाई छनोट गरिएको छ भने नि.मा. वि. सिमराहिबाट सुवास चन्द्र कार्कि र अभिभावक एवम् वुद्धिजिवि वर्गका श्री रत्न घिमिरे ज्यू लाई छनाट गरिएको छ । किन भने बद्रिजी मा.वि. सुगारेको अभिभावक संघको अध्यक्ष हुनुको साथै

गाउँमा निरन्तर रुपमा तरकारी खेती गर्ने कृषक पनि हुनुहुन्छ । त्यसैगरी उता रत्नजी पनि सीमराही डम्बरखाडीका पढेलेखेका कृषक हुनुहुन्छ ।

**३.३ अध्ययनको साधनहरुको निर्माणः**

| क.सं | अध्ययनको उद्देश्यशहरु | सूचनाका श्रोतहरु | साधनहरु |
|---|---|---|---|
| १ | स्थानिय पाठ्यक्रमको निर्माण (तरकारी खेति सम्बन्धि) | प्र.अ., व्य.संवि. शिक्षकहरु, विद्यार्थी, अभिभावकहरु | अन्तरवार्ता (प्र.अ. खुला प्रश्नावली शिक्षक) अन्तरवार्ता सुचि अवलोकन फारम |
| २ | स्थानिय पाठ्यक्रमको कार्यन्वयन(तरकारीखेती) सम्बन्धी सरोकारवालाको धारण पत्ता लगाउन | प्र.अ., शिक्षक ,विषय शिक्षक, विद्यार्थीहरु, वि.व्य.स. र श्रोत व्यक्ति कक्षा अवलोकन | खुल्ला प्रश्नावली खुल्ला प्रश्नावली अन्तवार्ता खुल्ला प्रश्नावली कक्षा अवलोकन फारम |
| ३ | स्थानिय पाठ्यक्रमको मुल्याङकन तरकारी खेति सम्बन्धि तरिका थाहा पाउन | प्र.अ.विषय शिक्षक,विद्यार्थि श्रोतव्यक्ति वि.व्य.स. | खुल्ला प्रश्नावली |
| ४ | स्थानिय पाठ्यक्रम विकास र कार्यन्वयनका लागि श्रोत साधनको व्यवस्था र परिचालन | विद्यार्थीहरु , स्रोत व्यक्ति , विषय शिक्षक , विद्यालय व्यवस्थापन | परियोजना |

**३.३.१ अनुसन्धानका साधनहरु**

१. अन्तरवार्ता :– अध्ययन क्षेत्रका प्र.अ. लाई अन्तरवार्ता लिइयो ।

२. प्रश्नावली :– यस मा.वि. का शिक्षकहरु,अभिभावकहरु, वि.व्य.स. पदाधिकारीहरु,स्रोत व्यक्ति र विधार्थीहरुबाट प्रश्नाबली मार्फत तथ्याङ संकलन गरियो ।

३. अन्तरवार्ता:– स्थानीय पाठ्यक्रम विज्ञहरु लाई यस आधारबाट तथ्याङक संकलन गरियो ।

**३.४. तथ्याकंको स्रोत**

यस अध्ययनमा हुने दुई प्रकारको तथ्याङ्कका स्रोतहरुलाई सामेल गरीएको छ ।

**(क) प्राथमिक श्रोतः**

यसमा प्रधानाध्यापकसँग अन्तरवार्ता , शिक्षकसँग भेटघाट, तथा प्रश्नावली ,अभिभावकहरुसँग प्रश्नावली विधार्थिहरुसँग प्रश्नावली, छलफल र परियोजनाको साथै वि.व्य.स. अध्यक्ष र श्रोत व्यक्तिसँग प्रश्नावलीको प्रयोग गरेर तथ्याङ्क संकलन गरिएको छ ।

**(ख) गौण श्रोतः**

यस अन्तर्गत विद्यालयहरुको रेकर्ड, श्रोत केन्द्रमा संचालन गरिएको स्थानिय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा मुल्याङ्कन सम्बन्धि रिपोर्ट र दस्तावेजहरु सहायक तथ्याङ्कको श्रोतको रुपमा लिइएको छ ।

**३.५ तथ्याङ्कको विश्लेषणः**

यो सोध अध्ययन तथा अनुसन्धानको क्रममा संकलन गरिएका विभिन्न परिमाणात्मक र गुणात्मक तथ्याङ्कहरुलाई तालिकीकरण गरिएको छ भने स्थलगत सर्वेक्षण र अवलोकनबाट प्राप्त तथ्यांकलाई प्रसोधन गरि अर्थपूर्ण बनाई व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्क संकलनको क्रममा सरोकारबालाहरुसँग भेटघाट, भेला, गोष्टि आदी गरि स्थानिय पाठ्यक्रम निर्माण प्रक्रिया, शैक्षिक सामाग्रीको प्रयोग , सशक्षण सिकाई क्रियाकलाप, विद्यार्थी मुल्याङ्कन समय निर्धारणका सथै स्थानिय पाठ्यक्रम निर्माणमा विभिन्न निकायको भुमिका, पाठ्यक्रमको आवश्यकता स्थानिय पाठ्यक्रमका चुनौतिहरु , स्थानिय पाठ्यक्रमको कार्यन्वयन प्रदर्शन, सहभागिता, अवलोकन ,भ्रमण, अभ्यास , योजनाकार्य, स्थानिय पाठ्यक्रम विकास र कार्यान्वयनका लागि श्रोत साधनको व्यवस्थापन र परिचालन र विधार्थी मुल्याङ्कनका साथै पाठ्यक्रमका विस्तृतीकरण खाकाहरु पनि बनाई छलफल गरी लेखाजोखा गरिएको

# परिच्छेद - चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या -

प्रस्तुत शोध अध्ययनको विषयको आधारमा सिन्धुली जिल्ला दुधौली नगरपालीका - लदाभीर गा.वि..-२ अर्न्तगत संचालित सामुदायिक मा.वि. र सो विद्यालयसंग सम्बन्धित पक्षहरु प्र.अ., शिक्षक, विद्यार्थी , विं.व्य. स.का.पदेन सदस्यहरु संग भेटघाट ,कुराकानी ,छलफल ,प्रश्नावली र स्थानीय पाठ्यक्रम सम्बन्धि गोष्ठी र उपलब्ध स्थानीय पाठ्यक्रम समेतका आधारमा तथ्याङ्कको विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१. स्थानीय पाठयक्रमको निर्माण

केन्द्रिय तहमा बनाइएको पाठयक्रमले मात्र स्थानीय आबश्यकताका विषयवस्तु समेट्न सक्दैन भन्ने मुख्य मान्यताका आधारमा स्थानीय पाठ्यक्रमको व्यबस्था गरिएको हो । यो निर्माण प्रक्रिया प्राज्ञीक कार्यको साथ साथै प्राविधिक कार्य पनि भएकोले यसले निश्चित प्रकृयाहरु पूरा गर्नु पर्दछ । यसमा संलग्न व्यक्तिहरु पनि विभिन्न क्षेत्रबाट प्रंतिनिधित्व हुन जरुरी छ । स्थानीय पाठ्यक्रम पनि औपचारिक विद्यालय शिक्षा मार्फत कार्यान्वयनमा ल्याउनुपर्ने भएकोले धेरै कुराहरुमा विचार पु¥याउदै निम्नलिखित प्रक्रिया अवलम्बन गर्नुपर्ने बताउनुहुन्छ , मा.वि सुगारेका प्र.अ. श्री दुर्गा प्रसाद भट्टराई ।

**(क) आवश्यकता पहिचान -**

स्थानीय तहमा पनि अध्ययनका लागि आवश्यक क्षेत्रहरु अनेकौ हुन सक्छन । ति मध्ये कुन र कस्तो विषय क्षेत्रलाई पाठ्यक्रममा समावेश गर्ने भन्ने विषयमा व्यापक छलफल हुन जरुरी छ । यसका लागि सुझाव संकलन गर्नु पर्दछ । सुझाव संकलन गरीसकेपछि प्राप्त सुझावलाई विभिन्न विषय क्षेत्रमा वर्गिकरण गर्नपर्दछ । त्यसबाट सबैभन्दा बढीले चाहेको र सथानीय आवश्यकतालाई परिपुर्ति गर्न र व्यवसायिक , गैर व्यवसायीकक्षेत्रलाई समेट्दै हामीले "तरकारी खेति " राखेका हौं । त्यसैगरी सिमराही नि.मा.वि. का प्र.अ. श्री भोज ब. थापा ज्यू भन्नुहुन्छ "आवश्यकताको पहिचान भई सकेपछि उद्देश्य निर्धारण दोश्रो चरणमा गर्नुपर्दछ । यो कार्य प्राज्ञीक ,प्राविधक दुवै भएकोले उपलब्ध भएसम्म विषय वस्तुको उलपब्ध भए सम्म विषय वस्तुको ज्ञाता , शिक्षक प्राध्यापक , पाठ्यक्रम सम्बन्धि ज्ञान भएको व्यक्तिहरुको संलग्नता हुनुपर्छ । उद्देश्य तयार गर्दा निम्न लिखित कुराहरुमा विशेष ध्यान दिनुपर्दछ ।

१. विद्यार्थीहरुको उमेर

२. बालमनोविज्ञान

३. बालबालीकाको सिकाइस्तर

४. तह

५. विषयवस्तुको प्रकृति,

६. श्रोत र साधन

श्री भोज ब. थापा बताउनुहुन्छ : पाठ्यक्रम विकाशको सिद्धान्त अनुसार उद्देश्य निर्माण भइसकेपछि विद्यालयको श्रोत र साधनलाई ध्यान दिएर विद्यार्थीको चाहना र आवश्यकता लाई ध्यान दिई स्थानीइ कृषी व्यवसाय अनुरुप तरकारी खेती त चयन गरियो तर कार्यान्वयन पक्ष भने फितलो रहेको छ भन्दै तलको चार्ट देखाउनुभयो ।

| **विषयको क्षेत्र** | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|---|---|---|
| स्थानीय जातका तरकारीको परिचय | विभिन्न तरकारीको नाम | स्थानिय जातका तरकारीको सामान्य परिचय | स्थानीय तरकारीको परिचय | स्थानीय तरकारीको परिचय | स्थानीय स्तमा गर्न सकने तथा तरकारी |
| तरकारी को महत्व | स्वास्थ्य राम्रो हुने | स्वास्थ्य राम्रो हुने | स्वास्थ्य राम्रो र आम्दानी हुने | तरकारी खेतीका फाइदा | तरकारी खेतीका फाइदा |
| तरकारी को बजार | - - | - - | - - | माग हुने क्षेत्र र मागको महत्व | मुल्य निर्धारण गर्ने तरिका |
| तरकारी वारिमा लाग्ने रोग | आँखाले देखिने किराको प्रकोप | बिभिन्न किराहरुको प्रकोप | स्थानीय तरकारीमा लाग्ने रोग | वालीमा लाग्ने रोग र रोकथाम | रोग र उपचार |
| कम्पोष्ट मल | कम्पोस्ट मलको चिनारी | कम्पोस्ट मलको चिनारी | कम्पोष्ट मलको महत्व | कम्पोष्ट मल बनाउने तरिका | कम्पोष्ट मल बनाउने तरिका |
| तरकारी खेती गर्ने तरिका | मल , बिउ, ज्यावल को परिचय | मल ,बिउ , ज्यावलको परिचय | रोप्ने गोड्ने र बाली उठाउने तरिका | तरकारी खेति गर्ने तरिका | तरकारी खेति गर्ने तरिका |
| अभ्यास अवलोकन | तरकारी वारीमा काम गरेको हेर्न र अवलोकन भ्रमण | तरकारी वारीमा काम गरेको हेर्न र अवलोकन तथा भ्रमण | किसान लाई सहयोग | तरकारी को विउ उमार्ने ,सार्ने र टिप्ने | बिउ उमार्ने ,सार्ने र टिप्ने |

सामाजिक अध्ययन शारिरीक शिक्षा सि.अ.क. आदि विषयहरुमा २०% स्थानीय तहबाट विषय बस्तुको अंश तयार गर्नु पर्ने भएतापनि वि.व्य.स. को निर्णय लाई नै सर्वपरि ठानियो । र बाकि अंशहरुको बारेमा पछि छलफल गर्ने निर्णय गरियो ।

**४.२ स्थानीय पाठ्यक्रमको कार्यान्वयन प्रकृया बारे वि.व्य. स. को भेला -**

अधिकार दिएर मात्र पुग्दैन , त्यसको उपयोग गर्न सक्ने सक्षम , सवल र सुदृढीकरण गर्नु नै आजको मुख्य चुनौति रहका छन् । स्थानिय पाठ्यक्रमको अवधारणा अनुसार परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रमले सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारिरीक शिक्षा विषयमा २०% पाठ्यभार स्थानीय अंशका लागि छुट्याएको छ , त्यस्तै १००% को स्थानियपाठ्यक्रमको ढाँचा तयार गरी विभिन्न चुनौतिहरु जस्तै संस्थागत संयन्त्र र सक्षमताको विकाश नहुनु ,स्थानीय निकायको सक्रियताको कमी ,प्रतिवद्धताको अभाव ,जनशक्तिको अभाव अग्रेजी भाषाप्रतिको बढ्दो मोह, जनचासोको कमी , केन्द्रमुखी प्रबृत्ति ,तालीमप्राप्त शिक्षकको अभावहरु निम्न कार्यहरु गर्न सके सफलहुने महसस गरियो :

१. गा.वि.स. ⁄न.पा. र जि.वि.स.को शिक्षा सम्बन्धि काम , कर्तव्य र अधिकारको व्यवस्था,

२. विभिन्न नितिगत दस्तावेजमा स्थानीय आवश्यकतामा जोड,

३. कार्य सम्पादनका आधारमा व्यवस्थापन,

४. शिक्षक अभिभावक सङ्घको सक्रियता,

५. श्रोत केन्द र श्रोत व्यक्तिको सक्रियता,

६. विद्यालय सुधार योजना निर्माण र कार्यन्वयन ,

७. शिक्षको इमान्दारिता ।

**तालिका -१**

| क.स. | विवरण | संख्या | | जम्मा | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष |
| १ | प्र.अ. | ........ | २ | ........ | २ |
| २ | पाठ्यक्रम विद | ....... | १ | ........ | १ |
| ३ | श्रोत व्यक्ति | ........ | २ | ......... | २ |
| ४ | वि.व्य.स. | २ | १० | २ | १० |

**४.२.१ प्र.अ. हरुको भेला -**

स्थानिय पाठ्यक्रम कार्यान्वयनका लागि पाठ्यपुस्तक नभए पनि शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी रुपमा संचालन गर्न 'तरकारी खेती' मा स्थानीय जातका तरकारीको परिचयनका लागि शिक्षक ,विद्यार्थी र किसानहरुबाट विद्यालयमा थरीथरीका तरकारी जम्मा गरेर प्रदशन गरिएकोले र प्रभावकारी पनि भएकाले तरकारीका विऊ उमारेको ,सारेको पानी पटाएको ,तरकारीवाली हुर्केको , तरकारी टिपेको र तरकारी

वालीलाई किरा र रोगले नोक्सान गरेको कुरा तरकारी वारीमा गएर अवलोकन गर्न लगाउने निर्णय प्र.अ .हरुले गर्नुभयो ।

**तालिका -२**

| सि.न. | प्र.अ.को नाम | विद्यालय |
|---|---|---|
| १. | दुर्गा प्र.भट्टराई | मा.वि. सुगारे |
| २ | भोज ब. थापा | नि. मा.वि. सीमराही |

*श्रोत - स्थलगत सर्वेक्षण -२०७२*

**४.२.२. स्थानीय बुद्धिजिबीहरुको भेला -**

भेलामा सहभागी बुद्धिजिवीहरुले स्थानीय आवश्यकतामा आधारित तरकारी खेति , फूलखेती ,माछा पालन,कुखुरा पालन, सुगुर पालन र कृषि शिक्षा सम्बन्धी शिक्षा दिनका लागि आवश्यक भएकोले कृषि शिक्षा प्रदान गर्न सोही अनुसारको पवाठ्यक्रम निर्माण गरी शिक्षा प्रदान गर्दा विद्यार्थीहरुले तरकारीको रुपरंग ,तरकारी,फल्ने समय ,जरा , डाढ , पात र फल के हो ? कति दिन जतिमा हुर्केर खान योग्य हुन्छन र कसरी खाने भन्ने ज्ञान हुन्छ भन्ने कुराहरुलाई जोड दिएका थिए । त्यसैगरी केही वर्गले विद्युत वाइरिङ्ग र सडक बन्दै गरेको ले ट्राफिक नियम पालना सम्बन्धि शिक्षा प्रदान गर्न सकिन्छ भन्ने मनसाय राखेका थिए । अन्त्यमा गाउँघरमा तरकारी खेति सम्बन्धि शिक्षा नै उत्तम भएको ठहर गरेका थिए । यसबाट प्रदर्शन ,सहभागिता ,अवलोकन भ्रमण ,अभ्यास र कार्ययोजनाको रुपरेखा बनाएर वि.व्य.स.लाई सल्लाह दिने निर्णय समेत भयो ।

**तालिका -३**

**स्थानीय बुद्धिजिवीहरुको भेला तालिका**

| क्र.स. | विवरण | संङख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १ | प्र.अ. | ....... | २ | २ |
| २ | शिक्षक | ७ | १२ | १९ |
| ३ | स्थानीय निकाय प्रतिनिधि | ....... | १ | १ |
| ४ | समाजसेवी | २ | ४ | ६ |
| ५ | वि.व्य.स. पदाशीकारी | २ | ३ | ५ |
| ६ | श्रोत व्यक्ति | ....... | १ | १ |
| ७ | अभिभावक | ५ | ८ | १३ |

### ४.२.३ स्थानीय पाठ्यक्रम  कार्यन्वयन कार्यशाला गोष्ठी -

स्थानीय वुद्धिजिवीहरुको भेलाले पहिचान गरेको स्थानीय आवश्यकताको आधारमा निम्न अनुसारका सरोकारवालहरुको सहभागितामा कृषि शिक्षा विषयको स्थानिय पाठ्यक्रम निर्माण कार्यशाला गोष्ठीबाट निर्माण गरी कार्यन्वयनमा ल्याएको पाइन्छ । स्थानीय पाठ्क्रम कार्यान्वयन सम्बन्धी निम्नलिखित प्रक्रिया अपनाइयो ।

१.प्रयोगात्मक रुपमा शिक्षण गर्ने

२. ठोस बस्तुलाई शैक्षिक सामग्रीको रुपमा प्रयोग ।

३. बिऊ ,मल आदि उतकृष्ट छान्ने ।

तालिका - ४

स्थानीय पाठ्यक्रम कार्यान्वयन कार्यशालामा सरोकारवालको सहभागिता

| **सि.न.** | **विद्यालय** | **प्र.अ** | | **शिक्षक** | | **बुद्धिजिवी** | |
|---|---|---|---|---|---|---|---|
| | | म. | पु. | म. | पु. | म. | पु |
| १. | नि.मा.वि. सीमराही | ...... | १ | ३ | ४ | ५ | ८ |
| २ | मा.वि. सुगारे | ...... | १ | ४ | १० | ५ | ३ |
| ३ | सरस्वती उ.मा.वि. | ...... | १ | ५ | ११ | ५ | ७ |
| ४ | प्रा.वि. भौरी | | १ | १ | ३ | ३ | २ |
| ५ | नि.मा.वि. पिपलडाडा | ...... | १ | २ | ५ | ३ | ४ |
| **जम्मा** | | **०** | **५** | **१५** | **३३** | **२१** | **२४** |

*श्रोत - स्तथलगत सवेक्षण -२०७२*

### ४.२.४ शिक्षकहरुको गोष्ठी -

स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका प्राय सबै विषय अभ्यास प्रयोगात्मक तरिकाले सिकिने प्रकृतिका हुन्छन् । तरकारी खेती, करेसाबारी जस्तो विषयका लागि जमीन आवश्यक हुन्छ । विद्यालयमा पानी र कम्पाउन्ड भए विद्यालय  म तरकारी खेती र करेसावारी को अभ्यास अनुभवी किसान वा कृषि प्राविधिकको सहयोगमा विद्यालय मै गर्नुपर्छ । अभ्यास कै क्रममा विउ ,ज्यावल र कम्पोष्ट मल निर्माण सम्बन्धि प्रयोगात्मक ज्ञान दिन सके र अवलोकन, भ्रमण सहभागिता  र प्रदर्शन जस्ता विधिहरु प्रयोग गर्न सके शिक्षण सिकाई क्रियाकलापमा वृद्धि हुने निर्णय गरियो ।

तालिका ५

पाठ्क्रम कार्यन्वयन सम्बन्धि गोष्ठीमा सहभागी शिक्षक विवरण

| सि.न. | विद्यालयको नाम | शिक्षकको नाम |
|---|---|---|
| १ | मा.वि. सुगारे | १. दुर्गा प्रसाद भट्टराई<br>२ राज कुमार ठकुरी<br>३ पेशल कुमारी घिमिरे<br>४.कञ्चन साह<br>६.लोक विक्रम कार्की<br>७.विश्वनाथ दाहाल<br>८.ओम ब. कार्की<br>९. अशोक कार्की<br>१०. रमेश खत्री<br>११. चन्द्रकला थापा पौडेल<br>१२. राम कुमारी अधिकारी |
| २. | नि.मा.वि. सिमराही | १३.भोज ब. थापा<br>१४. कमल परियार<br>१५. निर कुमारी अधिकारी<br>१६. शैलेश गोइत<br>१७. सिता सुनुवार<br>१८. दिपा दाहाल<br>१९. रमा कार्की<br>२०. कविता दनुवार |

*श्रोत - स्तथलगत सवेक्षण -२०७२*

माथीको तालिकामा पाठ्यक्रम कार्यन्वयन सम्बन्धि एक दिने शिक्षक गोष्ठीमा उपस्थित दुइवटा विद्यालयका २० जना सहभागीहरुले उल्लेखित योजना , संगठन , नेतृत्व ,समन्वय , नियन्त्रण र योजनाको खाका अनुसार व्यवस्थापकिय कृयाकलाप दिलाउन सके पाठ्यपुस्तक पढेर भन्दा क्रियाकलापबाट सिकाई प्रभावकारी हुन्छ भन्ने निचोड निकाले । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्क्रम प्रारुपले स्थानीय पाठ्यक्रमको अवधारणलाई समेटेको छ । परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (कक्षा १-३ ) , २०६५ (कक्षा ४ र ५ ) ले स्थानीय पाठ्यक्रमका वारेमा स्थानीय विषय ( स्थानीय तहवाट तोक्ने विषयवस्तुको अंश १००% रहेको छ भन्ने कुरा गोष्ठीका सहभागी शिक्षक लोकविक्रम कार्कीले थप्नुभयो । यसरी स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन दुवै पक्षमा तपसिलका निकायहरुको भुमीका रहनु पर्ने जिकिर पनि गरियो ।

क) विद्यालय तह

अ) विद्यार्थीहरु

आ.) शिक्षकहरु

इ) अभिभावकवर्ग

ई) शिक्षक अभिभावक संघ

उ) विद्यालय व्यबस्थापन समिति

ख) गाउँ शिक्षा समिति / नगर शिक्षा समिति

अ) गाउँ विकाश समिति / न.पा.

ग) श्रोत केन्द्र तह

घ) जिल्ला तह

अ)जिल्ला शिक्षा कार्यलय

आ) जिल्ला शिक्षा समिति

इ) जिल्ला पाठ्यक्रम विकास तथा समन्वय समिति

ई) जि.वि.स.

उ) जिल्लामा धार्मिक सामाजिक सांस्कृतिक सङ्घसंस्थाको भूमिका

ऊ) पेशागत शिक्षक , प्रशिक्षकको भूमीका

ए) क्षेत्रिय शिक्षा निर्देशनालयको भूमीका

ऐ) क्षेत्रिय शिक्षा निर्देशनालयको भूमीका

च) केन्द्रिय तह

अ) पाठ्यक्रम विकाश केन्द्रको भूमिका

आ) राष्ट्रिय पाठ्यक्रम विकाश तथा मुल्याङ.कन परिषदको भूमीका

इ) केन्द्रिय पाठ्यक्रम सल्लाहाकार समितिको भूमीका

४.२.५ विद्यार्थी संङ्ख्या -

मा.वि. सुगारे र नि.मा.वि. सिमराहीमा शैक्षिक वर्ष २०७२ मा कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुमा स्थानीय पाठ्क्रम अन्तगर्त तरकारी खेती शिक्षाको वारेमा छलफल गर्दै कार्यान्वयन पक्षमा विभिन गुनासाहरु गरियो ।

| विद्यालय | कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| मा.वि. सुगारे | १ | १५ | ५ | २० |
| | २ | ११ | १० | २१ |
| | ३ | १५ | १० | २५ |
| | ४ | १६ | १४ | ३० |
| | ५ | २० | १० | २२ |
| नि.मा.वि. सिमराही | १ | ७ | १० | १७ |
| | २ | २ | ५ | ७ |
| | ३ | ७ | ३ | १० |
| | ४ | ६ | १० | १६ |
| | ५ | ८ | ८ | १६ |

*श्रोत - स्तथलगत सवेक्षण -२०७२*

दुवै विद्यालयका विद्यार्थीहरुले स्थानीय पाठ्यक्रमको कुनै पनि विषयको पाठ्यक्रम नदेखेको र यसको कुनै पनि किताब सम्म फेला नपरेको गुनासो गर्छन । तर विद्यालय गाउँमा रहेकोले उनीहरुको अभिभावक कृषक भएकाले तरकारी खेतिको बारेमा सामान्य जानकारी रहेको बताउछन । शिक्षकहरुले तरकारी खेतिका किताब बाहिरबाट ल्याएर विभिन्न तरकारीहको विउ छान्ने तरिका , रोप्ने तरिका , मल बनाउने तरिका , तरकारी टिप्ने तरिका आदी अर्धठोस बस्तु प्रयोग गरेर सिकाउनु भएकाले धेरै व्यवहारिक ज्ञान हासिल भएको बताउछन ति विद्यार्थीहरु विद्यालयमा घेरा बेरा भए

तरकारी फलाउने तरिका अझै राम्रो संग सिक्न पाइने रैछ भन्ने आवश्यकता बताउछन्  ति नानिहरु । यसरी १००% सिकाई नभए पनि ७०% भने भएको देखिन्छ किनभने आफ्नै करेसाबारी वा खेतमा विद्यार्थीहरु तरकारी खेती गर्न सक्षम भएको देखिन्छ । शिक्षकले किताबमात्र प्रयोग गरेर शिक्षण गर्दा उपलब्धी कम देखिएकोले विद्यार्थीलाई खेतमा नै लगेर माटो तयार गर्न लगाई बिऊ ,मलको उचित व्यवस्था गरि समयमै सिचाई गर्न पनि लगाईयो र प्रगति भएको पाईयो ।

**४.५ स्थानीय पाठयक्रमको कार्यन्वयनमा विद्यार्थी मुल्यांङ्गन -**

विद्यार्थीको सिकाइका वारेमा लेखाजोखा  गर्ने कार्य नै विद्यार्थी मूल्याङ्कन हो । पाठ्यक्रमले निर्धारण गरेकोले उद्देश्य पूरा भयो भएन भन्ने जानकारी मूल्याङ्कन  मार्फत गरिनुपर्छ । विद्यार्थीको मूल्याङ्कन  गर्दा निर्माणात्मक र निर्णयणात्मक तरिकाले गर्नुपर्छ । स्थानीय पाठ्यक्रममा पनि पाठ्यक्रम बनाउने समयमा  नै कस्तो प्रकारको मूल्याङ्कन प्रक्रिया अवलम्बन नै उल्लेख गर्नु पर्छ । निर्माणात्मक या निर्णयात्मक या दुवै मूल्याङ्कन प्रणालीलाई मिश्रीत रुपमा अवलम्बन गर्ने सम्बन्धमा पाठ्यक्रमले निर्दिष्ट गर्नुपर्दछ । कस्तो  मूल्याङ्कन प्रक्रिया अपनाउने भन्ने कुरो विद्यार्थीको उमेर र विषयवस्तुको प्रकृतिमा निर्भर  गर्दछ । जुनसुकै प्रकारको मुल्याङ्कन प्रक्रिया अपनाए पनि मुल्याङ्कनको साधन विकास गर्ने क्रममा उद्देश्यलाई ध्यान दिनुपर्छ । उद्देश्य  निर्धारण गरे अनुसारको मापन हुनेगरी मुल्याङ्कनको साधन प्रयोग गर्नु पर्छ ।

स्थानीय पाठ्यक्रममा विषयवस्तु प्राय स्थानीय स्तरकै हुने हुदा सैद्धान्तिक भन्दा प्रयोगात्मक पक्षलाई जोड दिनु पर्दछ । पाठ्यक्रम बनाउने  बेलामा विद्यार्थी मुल्याङ्कन सम्बन्धि विशेष ज्ञान भएको व्यक्तिलाई सहभागि गराएर मुल्याङ्कन प्रणालीका बारेमा ठम्याउनु नै बेस हुन्छ । स्थानीय विषयमा विशेष गरेर पास फेल भन्दा पनि के सिकाउन खोजिएको थियो । सिकेन ,थप सिकाउन कस्तो क्रियाकलाप गराउन आवश्यक हुन्छ भन्ने उद्देश्यले मुल्याङ्कन गर्नु राम्रो हुन्छ । स्थानिय विषयलाई छुट्याइएको समय अवधि भित्र रहेर विषय वस्तु चयन गर्नुपर्दछ ।

यस विषयमा विद्यार्थीले सिक्नुपर्ने कुरा किताब पढेर भन्दा पनि  प्रत्यक्ष अवलोकन गरेर , पेसा व्यवसायका काम गरेर र सामाजीक गतिविधिमा सहभागी भएर र अभ्यास गरेर सिक्दछन । त्यसैले स्थानीय पाठ्यक्रम सम्बद्ध विषयको विद्यार्थी मूल्याङ्कन अनौपचारिक रुपमा निरन्तर गरिनुपर्छ । निरन्तर विद्यार्थी मुल्याङ्कनको लागि प्रश्नोत्तर, छलफल ,विद्यार्थीको क्रियाकलाप ,अभिभाव वर्गको रायप्रतिक्रिया ,विद्यार्थीको साथी समुहको प्रतिक्रिया उपयोगी भएको ठहर विभिन्न गोष्ठी र प्रश्नावलीको उत्तरबाट प्राप्त भएको छ । 'आवश्यकता अनुसार स्थानिय विषयको पनि लिखीत जाँच लिन सकिन्छ र विद्यार्थीको मुल्याङ्कन गर्दा उत्पादन प्रणालीलाई सम्बन्धित गराई , तत्काल नेपाल सरकारबाट ग्रेडिङ्ग प्रणाली अपनाउन सके राम्रो हुन्छ ' भन्ने कुरा बुद्धिजिवीको भेला बाट प्राप्त भएको छ ।

Grade System खाका

| C.I. | Grade | Value |
|---|---|---|
| 90 – 100 | A+ | 4 |
| 80 – 90 | A | 3.6 |

| | | |
|---|---|---|
| 70 - 80 | B+ | 3.2 |
| 60 - 70 | B | 2.8 |
| 50 - 40 | C+ | 2.4 |
| 40 – 50 | C | 2.00 |
| 20 – 40 | D | 1.6 |
| 1 – 20 | E | 0.8 |
| 0 - NON | | |

यस विषयको विद्यार्थीको अभिलेख राखीनुपर्छ । यसका लागि स्थानीय पाठ्यक्रमले तोकेको विषय क्षेत्र र त्यसभित्रका विषय वस्तुको आधारमा विद्यार्थीको प्रगति हेरेर अभिलेखन गर्नुपर्दछ । भन्ने कुरा शिक्षकहरुको समुहले निर्णय गऱ्यो ।

| क.स. | शिक्षकको नाम | विषय |
|---|---|---|
| १. | पेशल कुमारी | मा.वि. सुगारे |
| २ | राज कुमार ठकुरी | मा.वि. सुगारे |
| ३ | चन्द्रकला पैडेल | मा.वि. सुगारे |
| ४ | कमल परियार | नि.मा.वि. सिमराही |
| ५ | निरा कुमारी अधिकारी | नि.मा.वि. सिमराही |
| ६ | माधव प्र. बराल | नि.मा.वि. पिपलडाडा |
| ७ | धुव्र कार्की | सरसस्वती उ.मा.वि. संखटार |

**४.६ सिकाई उपलब्धी -**

पाठक्रमले निर्धारण गरेका उद्देश्यहरुलाई परीक्षाद्धारा सूचकहरुको आधारमा मूल्याङ्कन गर्दा प्राप्त हुने उपलब्धी नै सिकाई उलपब्धी हो । जन मा.वि. सुगारेको कक्षा - १ - ५ को शै व. २०७१ को विषयगत औसत सिकाई उपलब्धी निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

विषयगत  सिकाई उपलब्धी (२०७०)

| कक्षा | नेपाली | गणित | अग्रेजी | विज्ञान | सामाजिक | स्थानिय विषय | सि.उ. |
|---|---|---|---|---|---|---|---|
| 1 | 59 | 57.66 | 53.83 | 48.5 | 46.5 | 55 | 3 |
| 2 | 56.33 | 56.16 | 58.66 | 48.33 | 44.16 | 55 | 3 |
| 3 | 54.66 | 54.16 | 59.16 | 50.83 | 43.83 | 58 | 3 |
| 4. | 42.83 | 40.94 | 51.16 | 46.16 | 56.66 | 43.78 | 58 |
| 3 | 50.5 | 42.16 | 52.17 | 44.16 | 52.0 | - | 3 |
| जम्मा | 262.32 | 251.08 | 274.98 | 222.43 | 246.32 | 168.32 | |
| औषत | 52 | 50 | 54 | 44 | 49 | 56 | |

**विषयगत सिकाई उपलब्धी कक्षा (१-५)  २०७१**

| कक्षा | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्थानीय विषय |
|---|---|---|---|---|---|---|
| 1 | 58.7 | 59.78 | 54.50 | 49.34 | 48.67 | 60.33 |
| 2 | 55.00 | 56.50 | 59.00 | 46.16 | 49.35 | 64.39 |
| 3 | 56.39 | 55.37 | 57.73 | 42.77 | 51.76 | 59.50 |
| 4 | 48.8 | 43.75 | 54.16 | 45.17 | 48.76 | 61.18 |
| 5 | 52.35 | 43.85 | 55.17 | 46.33 | 54.31 | 66.05 |
| **जम्मा** | 272.19 | 258.25 | 250.56 | 229.77 | 252.58 | 311.85 |
| **औसत** | 54.43 | 51.65 | 56.11 | 45.93 | 50.56 | 62.32 |

**४.७ श्रोत व्यक्तिको अभिव्यक्ति**

स्थानीय पाठ्यक्रम कार्यशाला गोष्ठी संचालन तथा सहज कर्ता जि. सिन्धुली लदाभिर श्रोत व्यक्ति श्री निर बहादुर श्रेष्ठ ले स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा आएपछि निम्न अभिव्यक्ती दिनुभएको छ ।

**राम्रा पक्ष-**

क) विद्यार्थीको उपस्थितिमा सुधार आउन ।

ख) कार्यान्वयन गर्न अनुगमन तथा मूल्याङ्कन गर्न अनुगमन तथा मुल्याङ्कन गनै जिम्मेवारीको बोध भएको ।

ग) स्थानीय श्रोत तथा साधानलाई परिचालनमा ल्याउनु ।

घ) पाठ्यक्रम कार्यान्वयनमा सम्बन्धित पक्षको सहभागिता सक्रियता देखिन्छ ।

ङ) सम्पर्क  र समन्वय गरी विद्यालयमा गर्ने शिक्षण वातावरण निर्माण गर्ने प्रयासको थालनी ।

**कमजोर पक्षहरु :**

क) स्थानीय पाठ्यपुस्तको निर्माण नहुनु,

ख) जिम्मेवारी र कर्तव्यको वारेमा अष्पष्टता देखिनु,

ग) राजनीतिक प्रभाव,

घ) तालिम को अभाव,

ङ) भौतिक आवश्यकता परिपूर्तिमा कमी ,

## परिच्छेद :५
## प्राप्ति ,निष्कर्ष र सुझाव

### ५.१ प्राप्तिहरु

प्रस्तुत सोध अध्ययनको विषयवस्तुमा आधारित भएर स्थालगत सवेक्षण बाट प्राप्त भएको तथ्याङ्क र त्यसको प्रस्तुति , व्याख्या र विश्लेषणबाट प्राप्त उपलब्धी र समस्याहरु प्राप्तिका रुपमा लिन सकिन्छ । नेपालको सन्दर्भमा पहिलो पटक स्थानीय सरोकारवालाहरको प्रत्यक्ष सहभागिता र संलग्नता निर्माण भई कायान्वयनमा आएको स्थानीय पाठ्यक्रम कार्यान्वयनको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा गरिएको अध्ययनमा , पाठ्यक्रम कार्यान्वनको अवस्था के कस्तो रहेको छ भन्ने विषयमा गरिएको अध्ययनमा , पाठ्यक्रम कार्यान्वयनमा सरोकारवालाको सक्रिय सहभागिता रहनु प्र.अ. शिक्षक र व्यवस्थापन पक्षको पाठ्यक्रम तथा व्यवस्थापन , संचालन , कार्यन्वयन र अनुगमन तथा मुल्याङ्कन गर्ने अवसर प्राप्त हुनुलाई प्राप्तिका रुपमा लिन सकिन्छ । त्यसैगरी ,स्थानीय पाठ्ययक्रमका आधारमा पठन पाठन हुनु विद्यार्थीको सिकाई उपलब्धीमा वृद्धि हुनु सरोकारवालको अधिकार , कर्तव्य र जिम्मेवारी प्रति जागृत हुनु स्थानीय आवश्यकता र स्रोत तथा साधनको पहिचान गरी सोहि अनुसारको पाठ्यक्रमको व्यवस्थापन गरिनु, मातृभाषा र स्थानीय भाषामा शिक्षा प्रदान गर्न ढोका खोलिनु र स्थानीय शैक्षिक कार्यक्रममको निर्माण र कार्यान्वयन हुनु समेतलाई यो शोध अध्ययनमा उपलब्धीको रुपमा लिइन्छ । स्थानीय पाठ्यक्रमका आधारमा पाठ्य्पुस्तक तथा विद्यार्थी सो अध्ययन सामग्रीको निर्माण नहुनु , शिक्षक तालिम तथा प्रशिक्षण को आवश्यकता खड्किनु, विद्यालयमा पर्याप्त पाठ्यक्रम नहुनु र शिक्षक तालिम तथा प्रशिक्षणको आवश्यकता र विद्यालय तथा अभिभावक विचमा सुदृढ सम्बन्ध नहुन लाई शोध अध्ययनमा प्राप्तिका रुपमा लिएको छ । यो शोध अध्ययनमा प्राप्तिहरुलाई निम्नअनुसार प्रस्तुत गरिएको छ ।

क) समुदायले विद्यायप्रति चासो लिई सहभागितामा वृद्धि हुनु ।

ख) स्थानीय स्तरबाट शैक्षिक योजना कार्यान्वयन गर्ने अवसर प्राप्त हुनु ।

ग) स्थानीय आवश्यकतामा आधारित भएर पाठ्यक्रमको व्यवस्थापन गर्दा सरोकारवालाहरुको भएका सहभागितामा वृद्धि छ ।

घ) विद्यालयमा विद्यार्थीहरुको उपस्थितिमा नियमितता देखिएको छ ।

ङ) पुरुषको तुलनामा महिला अभिभावहरुको सहभागिता तथा संलग्नता बढेको देखिनछ ।

च) स्थानीय पाठ्यक्रमको कार्यान्वयन भएता पनि पाठ्पुस्तक निर्माण नभएको कारण विद्यार्थीहरुको लागि अध्ययन सामग्रीको अभाव रहेको देखिन्छ ।

छ) शैक्षिक विकेन्द्रीकरणको अवधारणा : रुप आएको स्थानीय पाठ्क्रमले मातृ तथा स्थानीय भाषामा शिक्षा दिने आधार प्रदान गरेता पनि त्यसतर्फ स्थानीय सरोकारवालाहरुको ध्यान गएको पाइएन ।

ज) स्थानिय विषयको शिक्षण प्रभावकारी र सहज ढंगबाट गर्न शिक्षकहरुलाई तालिम प्रशिक्षण र अवलोकन भ्रमण आवश्यक भएको छ ।

झ) विद्यालयका प्र. अ., शिक्षक , वि.व्य.स. र समुदाय बीचमा कमजोर सम्बन्ध रहेकोछ ।

ञ) शैक्षिक कार्यक्रमको निमार्ण , कार्यन्वयन र अनुगमन तथा मूल्यांकन गरिएतापनि पृष्ठपोषण लिई आगामी दिनको कार्यक्रमको निर्माण गरेको देखिदैन ।

ट) सरोकारवालाहरु आफ्नो अधिकार, कर्तव्य र जिम्मेवारीप्रति सचेत रहेको पाइन्छ ।

## ५.२. निष्कर्ष

जिल्ला सिन्धुली नगरपालिका दुधौली वडा नं. १ मा रहेको मा.वि. सुगारे र नि.मा.वि. सीमराहीका सरोकारवालहरुलाई केन्द्रित गरी स्थानीय पाठ्यक्रमको निर्माण, कार्यान्वयन तथा मुल्याङ्कनको अवस्था विषयमा गरीएको यो शोध अध्ययनमा स्थानीय सरोकारवालाहरुको संलग्नतामा स्थानीय पाठ्यक्रमको निर्माण भई कार्यन्वयनमा आएको पाइन्छ । पाठ्यक्रम निर्माण , कार्यन्वयन र अनुगमन तथा मुल्याङ्कनमा सम्बन्धित पक्षको प्रत्यक्ष सहभागिता भएकोले विद्यार्थीको सिकाई उपलब्धीमा वृद्धि भएको भन्न सकिनछ । यसरी स्थानिय तहको शैक्षिक कार्यक्रमको निमार्ण शैक्षिक योजनाको निर्माण संचालन कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्ने अधिकार कर्तव्य र जिम्मेवारीका कारण पनि शैक्षिक व्यवस्थापनमा सुधार हुन गई प्राथमिक शिक्षा प्रति समुदाय तथा अभिभावकको चासो बढेको पाइन्छ । उपलब्ध स्थानीय स्रोत तथा साधन र आवश्यकताको पहिचान गरी स्थानीय तहमा नै शैक्षिक योजना निर्माण भई कार्यन्वयनमा आउनाले शिक्षालाई शैक्षिक विकेन्द्रीकरणको अवधारण अनुरुप घरघर र व्यक्ति व्यक्तिमा शिक्षा पुऱ्याउनको लागि र मातृ तथा स्थानीय भाषामा शिक्षा प्रदान गर्नको निमित्त यो शोध सहायोग हुने निष्कर्ष छ । साथै पाठ्यक्रमको कार्यान्वयनमा प्र. अ शिक्षक र व्यवस्थापन पक्षको प्रमुख दायित्व हुन्छ भने प्र.अ शिक्षक , व्यवस्थापन समिति र अभिभावका विचमा उचित किसिमको सबम्बन्ध सहकार्य र समन्वय हुनु त्यतिकै महत्वूर्ण र जरुरी देखिएको समेत निष्कर्ष रहेको छ ।

## ५.३ सुझावहरु

प्रस्तुत विषयको शोध अध्ययनका क्रममा शैक्षिक योजना तथा कार्यक्रम संचालन व्यवस्थापन ,पाठ्यपुस्तक निर्माण ,तालिम तथा प्रशिक्षण शैक्षिक सहभागीता ,समन्वय तथा सम्बन्ध कायम गरी स्वच्छ शैक्षिक वातावरण सिर्जना गरी शिक्षा प्रदान गर्नृको लागि चुनौति तथा समस्याहरु पनि देखिएका छन् । जसलाई शोध अध्ययनका प्राप्तिका रुपमा लिने गरको पाइन्छ । उक्त समस्याहरुको समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएको छ :

१) स्थानीय पाठ्क्रमका आधारमा पाठ्यपुस्तक र सन्दर्भ सामाग्रीको निर्माण गरिनपर्छ ।

२) शिक्षकहरुलाई नियतिम तालिम तथा प्रशिक्षण र अवलोकन भ्रमण गराइनु पर्छ ।

३) प्र.अ. शिक्षक र अभिभावक बिचमा नियमित सम्पर्क र समन्वय कायम हुने शिक्षणको वातावरणको कायम राख्नु पर्छ ।

४). शिक्षासंग सम्बन्धीत शैक्षिक योजना तथा कार्यक्रम निर्माण गर्ने र संचालन गर्ने संघ संस्था तथा विद्यालयहरुलाई यो शोध सहयोगी हुने छ।

५). शोध अध्ययन कर्ता , पाठ्क्रम निर्माता , शिक्षा विद,शैक्षिक प्रशासक , शिक्षक , प्र.अ . अभिभावकका र सराकारवालालाई यो शोध अध्ययनले शैक्षिक योजना र कार्यक्रम निर्माण व्यवस्थापन र कार्यान्वयन गर्ने सवालमा योगदान पुऱ्याउने छ ।

६) .शिक्षण पेशामा संलग्न व्यक्तिमा इमान्दारीता , आत्माविश्वास र कर्तव्यप्रति सचेत हुनु पर्छ भने उक्त पेशामा संलग्न व्यक्तिहरुमा राज्य र समाजले हेर्ने र व्यवहार गर्ने दृष्टिकोणमा परिवर्तन हुनु पर्छ ।

७.) शैक्षिक कार्यक्रम निर्माण , संचालन र कार्यान्वयन तथा मूल्यांङ्नमा देखिएका ढिलासुस्ती र वेवस्ता गर्ने प्रवृति निरुत्साहित गरी उपयुक्त समयमा कार्यसम्पादन गर्नेलाई पुरस्कार र नगर्नेलाई दण्डको व्यवस्था गरिनुपर्छ ।

८). शैक्षिक कार्यक्रमको निरन्तर अनुगमन तथा मुल्याङ्कन गरी प्राप्त पृष्ठपोषणका आधारमा भावी कार्य योजना निर्माण गरिनु उपयुक्त हुन्छ ।

९). स्थानीय आवश्यकताको आधारमा उपलब्ध स्रोत तथा साधान उपयोगमा ल्याउन सकिने गरी स्थानीय पाठ्यक्रम तथा शैक्षिक योजनाको निर्माण गरी कार्यान्वयनमा ल्याउन व्यवहारिक हुन्छ ।

१०). स्थानीय पाठ्ययक्रमको माध्यम बाट मातृ तथा स्थानीय भाषामा शिक्षा प्रदान गरिनुपदर्छ र वातावरण र भौगलिक अनुसार 'तरकारी खेती' जस्ता विषयहरु छनौट गर्नुपर्दछ ।

## संन्दर्भ सामग्रि


१. अधिकारी , विष्णुप्रसाद (२०१००) ,शिक्षा सेवा दर्पण , बाघबजार काडमाण्डौ : आशिष पुस्तक भण्डार ।

२. कट्टेल ,बालचन्द्र (२०६४) , पाठ्यक्रम अभ्यास , काठमाण्डौ : न्यूहिरा बुक्स इन्टरप्राइजेज कीर्तिपुर ।

३. काफ्ले वासुदेव , विष्ट मीनबहादुर , सिन्हा रामस्वरुप , श्रेष्ठ चन्द्रबहादुर (२०६०) , शैक्षिक योजना , काठमाण्डौ : भूँडीपूराण प्रकाशन बागबजार ।

४.खक्रि फणिन्द्र (२०६२) ,इलाममा लेप्चा बालबालिकाको विद्यालयमा सहभागिता र शैक्षिक उपलब्धी त्रि.वि. : ताहाचल ।

५. ज.ब.रा. स्वयंप्रकाश , श्रेष्ठ चन्द्रबहादुर , रंजिताकार , किरणराम (२०६१) , पाठ्यक्रम योजना अभ्यास ,काठमाण्डौ : विद्यार्थी पुस्तर भण्डार , भोटाहिटी ।

६.तिमल्सिना बिनोद खण्ड , खरेल मोति , (२०५२) , पाठ्यक्रम योजना र अभ्यास सहायक , काठमाण्डौ :स्टुडेण्ट बुक्स एण्ढ स्टेशनरी , कीर्तिपुर ।

७. पोखरेल कृष्ण (१९९६) , जनप्रशासनको सिद्धान्त , भारत यु.पि. राजेश प्रकाशन : वाराणाषी ।

८.पाठ्यक्रम विकास केन्द्र , सानोठिमी भक्तपुर (२०६४)।

९. वाग्ले मनप्रसाद ,खरेल लेखनाथ (२०५६) , पाठ्यक्रम र मूल्याङ्कन ,का ठमाण्डौ : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

१० शर्मा एण्ड शर्मा (२०६३) , पाठ्यक्रम योजना र अभ्यास , काठमाण्डौ : एम के पब्लिशर्स एण्ड डिट्रिटर्स भोटाहिटी ।

११. सिंह नागेश्वर (२०६६) , पाठ्यक्रम योजना र अभ्यास काठमाण्डौ : पैरवी प्रकाशन पुतलीसडक ।

१२. शिक्षा ऐन तथा नियमावली (२०४९)

१३. स्थानीय पाठ्यक्रम (२०६२)

१४. स्थानीय पाठ्यक्रम निमार्ण (२०६६)

१५. स्थानीय पाठ्यक्रम निर्माण निर्देशीका २०६३ पाठ्क्रम विकास केन्द्र ।

१६. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३

१७. स्थानिय स्वायत शासन ऐन र नियमावली , कानुन किताब व्यवस्था समिति काठमाण्डौ ।

१८. प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ (१-३) २०६५ (४-५)

१९. राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८

## परिष्टि न १

## वि. व्य.स.संग सम्बन्धित प्रश्नावली

१) तपाईको विद्यालय व्यवस्थापन समिति को संख्या कति छ ?

क) ५ ख) ७ ग) ९ घ) ११

२) के तपाईको विद्यालयमा शिक्षक अभिभावक सङ्घ छ ?

क) छ ख) छैन ।

३) स्थानीय विषय अन्तरगर्त तरकारी खेति विषय कसरी रोज्नु भयो ?

क) शिक्षकको सल्लाह अनुसार ख) आम भेला अनुसार

ग) वि.व्य.स. को निर्णय अनुसार घ) शिक्षक अभिभावक संघको पदन सदस्यको सल्लाह अनुसार ।

४)स्थानिय विषय लागु गर्दा देखा परेका समस्या के छ ?

क) जनशक्तिको अभाव ख) जनचासोको कमी

ग) स्थानीइ निकायको सक्रियतामा कमी ग) केन्द्रमुखी प्रवृति

५.के कस्ता कार्य गर्न सके यो विषय ले सार्थकता पाउछहोला ?

क)गा.वि.स/न.पा. को शिक्षा सम्बन्धि काम कर्तव्य र अधिकारको व्यवस्था ।

ख) कार्य सम्पादनको आधारमा व्यवस्थापन ।

ग) शिक्षकको ईमान्दारिता ।

घ) श्रोत केन्द्र र श्रोत व्यक्तिको सक्रियता ।

६. स्थानिय पाठ्यक्रम निर्माण कार्यन्वयन र मूल्याङ्कन सम्बन्धि तापइको विचार कस्तो छ ?

… …. …. … … … …

७. के यस विषय शिक्षणमा लागि तपाइको विद्यालयले उचीत शैक्षिक सामग्री उपलब्ध गर्न सकेको छ ?

क) छ ख) छैन

८. यो विषयलाई अझ सिपमुलक विषयको रुपमा उभ्याउन तपाइको आगामी प्रयास कस्तो रहने छ ?

क) …. …. ….. …… ख)

ग) घ)

## परिष्टि २

### विद्यार्थी संग सम्बन्धित प्रश्नावली

१) तपाई  कति कक्षामा पढ्नु हुन्छ ?

क)  २  ख) ३  ग) ४  घ) ५

२) तपाईको कक्षामा स्थानिय विषय पढाई हुने घण्टी कुन हो ?

क)पहिलो  ख) तेश्रो  ग)पाँचौ  घ)सातौँ

३) के तपाइले पाठ्यक्रम र पाठ्यपुस्तक देख्नुभएको छ ?

क) छैन  ख) छ  ग) थाहा छैन

४) यो विषय पढन् कस्तो लाग्छ ?

क) कठीन  ख) सजिलो  ग) मन लाग्दैन  घ) ठिकै

५) के तपाईको विद्यालयमा पानीको उचीत व्यवस्था छ ?

क) छ  ख) छैन

६). के तपाईको विद्यालयमा घेरावेराको सबन्ध छ ?

क) छ  ख) छैन

७.) तपाइले तरकारी फलाउनु भएको छ ?

क) छ  ख) छैन

८).तपाईका घरमा तरकारीमा कस्ता मल प्रयोग गर्नुहुन्छ ?

क) घरको फोहोर  ख) कम्पोष्ट मल

ग)  रसायनिक मल  ग) ख र ग

९). के घरमा तरकारी खेति तगर्न आफ्नो अभिभावक लाई सघाउनु हुन्छ ?

क) सघाउछु  ख) सघाउदिन

१०. यो विषय सिकेर तपाइलाई कस्तो लाग्यो ?

क) रमाइलो  ख)नरमाइलो

## परिष्टि ३

## प्रधानध्यापाक संग सम्बधित प्रश्नावली

**प्रधानध्यापकको परिचय**

क) नाम - ख) विद्यालय -

ग) योग्यता - घ) ठेगना -

१) तपाइको विद्यालयमा स्थानिय पाठ्यक्रम अनुसार कक्षा १ -५ मा "तरकारी खेति " राख्नु भएको छ ? के तपाई संग "पाठ्यक्रम " छ ।

क) छ ख) छैन

२) तरकारी खेति विषयको पाठ्यक्रम कसरी तयार गर्नुभएको छ ?

क) शिक्षकद्धारा

ख) वि. व्य. द्धारा

ग) अभिभावक द्धारा

घ) शिक्षक ,वि.व्य . र अभिभावक सबैको छलफलबाट

३) तपाइको विद्यालयमा स्थानिय विषयको पढाइहुने कक्षाहरु कुन कुन हुन् ?

क) १ - ३ ख) १ - ४ ग) १-५

४) तरकारी खेति गर्न तपाइ संग कस्तो शैक्षिक सामग्रीहरु छन् ?

क) ठोस ख) नमुना ग) चित्र घ) माथीका सबै

५ स्थानीय विषयको शिक्षण क्रियाकलाप को निरिक्षण तपाई कति पटक गर्नुहुन्छ ?

क) हप्तामा एक ख) महिनामा एक ग) छ महिनामा एक घ) आबश्कता अनुसार

६. के स्थानिय विषयको अध्यापन गर्न शिक्षकलाई तालीमको आवश्यकता छ ?

क) छ ख) छैन ग) सबै तालिम प्राप्त छन् ।

७. के स्थानिय पाठ्यक्रको कार्यान्ववयनका समस्या देख्नुभएको छ ?

क) छ ख) छैन

८. स्थानीय विषयको पाठ्यक्रमको निर्माण कार्यान्वयन र मुल्याङ्कन लाई लिएर अभिभावक संघ विच छलफल भएको छ ?

क) छ ख) छैन

९.स्थानिय पाठ्यक्रम निर्माण गर्दा तरकारी खेति विषय  चयन गर्न तपाइ कसरी सक्षम हुनु भयो ?

क) समुदायबाट ख) वि..व्य.बाट

ग) विद्यार्थीवाट घ) भौगोलिक अध्ययनबाट

१०. तपाइको विचावरमा स्थानिय पाठ्यक्रम मुल्याङकन कसरी गर्नुपर्छ ?

क) निर्माणात्मक ख) निर्णयात्मक

ग) निरन्तर घ) प्रश्नोत्तर

११.तपाईको विचारमा स्थानिय पाठ्क्रमको निर्माण कार्यान्वयन र मूल्याङकन कसरी गर्नुपर्ला ?

## परिष्टि ४

### शिक्षकसंग सम्बन्धित प्रश्नावली -

नाम - विद्यालय -

शैक्षिक योग्यता -

१) तपाइको विचारमा स्थानीय पाठ्यक्रमले निर्दिष्ट गरेका विषय कसरी सिकाउनु सकिन्छ ?

क) प्रयोगात्मक गराएर ख) पढाएर

ग) नोट तयार गराएर घ) घोकाएर

२) विद्यालयमा कस्तो सामग्री हुन सक्दा विद्यार्थीले स्थानीय विषय तरकारी खेति वारे सिक्न सक्छ ?

क) कम्पाउन्ड र पानीको व्यवस्था

ख) जमीन र शैक्षिक सामग्रीको व्यवस्था

ग) पाठ्यक्रम र तालिम प्राप्त शिक्षक

घ) माथिको सबै ।

३) स्थानीय विषय अध्यापन गराउन तपाई कुन विधि बढी प्रयोग गर्न उचीत सम्झन हुन्छ ?

क) अवलोकन ख) सहभागिता ग)प्रदर्शन घ) भ्रमण

४)तपाइको विचारमा स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनको मुख्य दायित्व कसको हुनुपर्छ ?

क) प्र.अ. ख) शिक्षक ग) विद्यार्थी घ) अभिभावक

५. यो विषय शिक्षणमा देखापरेका समस्याहरु के के हुन सक्छन् ?

क) सक्षमताको विकास नहुनु ख) केन्द्रमुखी प्रवृति

ग) तालिमको अभाव घ) माथीको सबै

६. तपाई के शैक्षिक सामग्री प्रयोग गरेर शिक्षण गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन ग) उपलब्ध सामग्री प्रयोग घ) केही मात्र

७. यो विषयमा विद्यार्थीको रुची कस्तो पाउनुभयो ?

क) निकै राम्रो ख) उत्तम ग) निष्कीय घ) सामन्य

८.स्थानीय विषयको मुल्याङ्कन तपाई कसरी गर्न उचीत सम्भनुहुन्छ ?

क) अभ्यास गराएर ख) प्रत्येक्ष अवलोकन गरेर

ग) पेसा व्यवसायको काम गरेर घ) सामाजिक गतिविधिमा सहभागि गरेर

९. तपाइले विद्यार्थी मूल्याङ्कन गर्दा के आधार तयार गर्नुहुन्छ ?

क) प्रगति अभिलेख राखेर ख) विषय क्षेत्र हेरेर

ग) विषयवस्तुको प्रगति अनुमान गरेर घ) उत्पादन प्रणालिलाई सम्बन्धित गरी

१०. तपाईको विचारमा स्थानीय पाठ्यक्रम विषयक तरकारी खेती को पाठ्यक्रम निर्माण कार्यान्वयन र मुल्याङ्कनको अवस्थाको बारेमा छोटो भनाई राख्नुहोस् ।